का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ वैशाख २०८१,
आइतबार
14 April 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक


इपेपर हेर्न

वर्ष २२, अंक ६१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# रविविरुद्धको मुद्दामा रणनीति बनाउँदै कांग्रेस



बचतकर्ताको ८० करोडभन्दा बढी रकम अपचालन गरेर जीबी राई र उनको समूहले ग्यालेक्सी टीभी चलाएको कांग्रेसको आरोप छ । त्यो टीभीमा स्थापनाकालदेखि २०७७ असारसम्म रवि लामिछाने कार्यकारी निर्देशक थिए ।



कुनै पनि तथ्यसहित उठेको विषय संसदको अधिवेनशन अन्त्य हुँदैमा सकिँदैन । बरु सदन नहुँदा सडकमा उठ्छ र अर्को अधिवेशनमा थप सशक्त भएर प्रस्तुत हुन पाउँछ ।

■ **सुशीला थिङ**
**सचेतक, नेपाली कांग्रेस**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ वैशाख

नेपाली कांग्रेसले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि उठाएको प्रश्नलाई निरन्तरता दिने भएको छ । तर, कुन रुपमा उठाउने भन्ने निचोडमा पुगेको छैन ।

नेपाली कांग्रेसकी सचेतक सुशीला थिङ आफूहरुले संसदमा उठाएको सहकारीको रकम हिनामिना, बचतकर्ताको समस्या र सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछाने आरोपित रहेको विषय तथ्य रहेको दाबी गर्छिन् ।

'कुनै पनि तथ्यसहित उठेको विषय संसदको अधिवेनशन अन्त्य हुँदैमा सकिँदैन । बरु सदन नहुँदा सडकमा उठ्छ र अर्को अधिवेशनमा थप सशक्त भएर प्रस्तुत हुन पाउँछ' उनले भनिन् ।

गृहमन्त्रीमाथिको प्रश्नलाई अगाडि बढाउने रणनीतिका सम्बन्धमा छलफल गर्न र त्यसलाई संसदमा दर्ज गराउन कांग्रेसले संसदीय दलको बैठक बोलाएको छ । आइतबार संसद अधिवेशन अन्त्य हुँदैछ । त्यसअगाडि आइतबार बिहान ११ बजे प्रतिनिधि सभाको बैठक बोलाइएको छ । उक्त बैठकमा सहभागी हुनु अगाडि नै गृहमन्त्रीमाथिको प्रश्नलाई अगाडि बढाउने रणनीति प्रष्ट गर्न संसदीय दलको बैठक बोलाइएको हो ।

कांग्रेसले संसदीय दलको बैठक बिहान ८ बजे बोलाएको छ । त्यसभन्दा अगाडि पार्टीको धारणा लिन कांग्रेसले संसदीय दलको

>>> पृष्ठ २ मा

# बजेट सक्ने चटारो
## झण्डै ७० प्रतिशत विकास बजेट बाँकी

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, १ वैशाख ।

चालू आर्थिक वर्ष २०८०/८१ को 'क्लोजिङ' अर्थात् अन्तिम त्रैमासमा चलिरहेको छ । आर्थिक वर्ष सकिन तीन महिना मात्रै बाँकी हुँदा आगामी आर्थिक वर्ष वार्षिक बजेट निर्माणको काम धमाधम भइरहेको छ । चालू आर्थिक वर्षको बजेटको अधिकांश हिस्सा खर्च हुन नसक्दा यतिबेला विकासे अड्डाहरुमा बजेट सक्ने चटारो बढिसकेको छ । अर्थात विकास बजारमा 'असारे विकास'को मौसम सुरु भइसकेको छ । यतिबेला केन्द्रदेखि स्थानीय तहसम्मका निकाय विनियोजित बजेटको बढी भन्दा बढी हिस्सा खर्च गर्ने ध्याउन्नमा लागेको छन् ।

### ६७ प्रतिशत विकास बजेट बाँकी

नजिकिनैपर्छ । असार मसान्तमा बजेट सक्नका लागि जबर्जस्तरुपमा हुने गुणस्तरहीन विकासलाई गाउँदेखि शहरले नजिकैबाट हेर्न पाउँछ ।

पछिल्ला केही आर्थिक वर्षको तथ्यांक हेर्दा आर्थिक वर्षको अन्तिम त्रैमासमा ६० प्रतिशत बढी रकम खर्च गर्न बाँकी रहन्छ । यी तीन महिनामा मात्रै अघिल्ला ९ महिनामा भएको खर्चभन्दा पनि बढी खर्च हुने गरेको तथ्यांकले देखाउँछ ।

गत आर्थिक वर्ष २०७९/०८० का पछिल्लो तीन महिनामा मात्रै कूल विकास खर्चको ५५ प्रतिशत रकम खर्च गरेको थियो । अघिल्लो आर्थिको वर्षमा पनि पछिल्ल तीन महिनामा५३ प्रतिशत रकम विकासमा खर्च भएको देखिन्छ ।

नेपालमा आर्थिक वर्षको अन्तिम महिनाका

**विकास खर्चको प्रवृत्ति**

| आर्थिक वर्ष | कुल विकास बजेट | चैतसम्मको खर्च | तीन महिनाको खर्च | तीन महिनाको खर्च प्रतिशत |
|---|---|---|---|---|
| २०७८/०७९ | ३७८०९७७ | १०३७८९६ | ११२५८३१ | ५३ प्रतिशत |
| २०७९/०८० | ३८०३८४५ | १०७२४३४ | १२६४५२५ | ५५ प्रतिशत |
| २०८०/०८१ | ३०२०७४४ | ९७३७७४ | | ६७ प्रतिशत बाँकी |

आर्थिकवर्षको तेस्रो त्रैमासिक अन्त्यसम्म अर्थात् चैत मसान्तसम्ममा कून विनियोजित बजेटको ५२ प्रतिशत मात्रै खर्च भएको छ । खर्च भएको बजेटको अधिकांश हिस्सा चालू खर्चमा भएको छ भने विकासका लागि विनियोजित बजेटको एक तिहाइ मात्रै खर्च भएको छ ।

आर्थि वर्ष सकिन तीन महिना मात्रै बाँकी रहँदा विकास लागि विनियोजित बजेट फ्रिज हुन नदिनका लागि धमाधम बजेट खर्च हुन थालेको छ । चालू आर्थिक वर्षमा विकास निर्माणका नाममा (पूँजीगत खर्च) सरकारले ३ खर्ब २ अर्ब ७ करोड ४४लाख रुपैयाँ विनियोजन गरेकोमा चैत मसान्तसम्ममा ३२.२४ प्रतिशत मात्रै अर्थात् ९७ अर्ब ३७ करोड ७४ लाख खर्च भएको छ । अबको तीन महिनामा सरकारले २ खर्ब ४ अर्ब ६९ करोड ७० लाख रूपैयाँ विकासको नाममा खर्च गर्न बाँकी छ । अर्थात् खर्च गर्न बाँकी ६७ प्रतिशत विकास खर्च पूर्वाधार निर्माण धमाधम भइरहेको छ ।

### अन्तिम समयमा ५० प्रतिशत बढी खर्च

यो नयाँ विषय भने होइन । वर्षैदेखि नेपाली बजेट खर्च गर्न असार मसान्त रुपमा रहेको असार शुरु भएपछि मात्रै कूल विनियोजित वार्षिक बजेटको ३५ प्रतिशतदेखि ५० प्रतिशतसम्म खर्च हुने गरेको तथ्याङ्कहरुले देखाउँछ ।

महालेखा परीक्षकको कार्यालयको कार्यालयले पनि असारे विकास खर्चमा पटक पटक प्रश्न उठाउँदै आएको छ । तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७३/७४ विनियोजित पूँजीगत खर्च ३ खर्ब ११ अर्ब ९४ करोडमध्ये वास्तविक खर्च २ खर्ब ८७ अर्ब ४ करोड ८३ लाख मात्रै खर्च भएको देखिन्छ । यसमध्ये जेठ मसान्तसम्म १ खर्ब २० अर्ब अर्थात् वास्तविक खर्चको ४९ प्रतिशत मात्रै खर्च भएको तथ्यांकले देखाउँछ । त्यस्तै आर्थिक वर्ष २०७२/०७३ मा सरकारले पूँजीगत खर्चबापत २ खर्ब ८ अर्ब ८७ करोड रुपियाँ विनियोजन गरेको थियो । विनियोजित पूँजीगत खर्चमध्ये १ खर्ब २३ अर्ब २५ करोड १४ लाख मात्रै वास्तविक खर्च भएको थियो । यसमध्ये असार महिनामा मात्रै ९५ अर्ब ९४ करोड १३ लाख अर्थात् विनियोजित बजेटको ७७ प्रतिशत रकम खर्च भएको महालेखाको प्रतिवेदनहरुले देखाउँछ ।

# दीपेन्द्रको विश्व कीर्तिमान
## एकै ओभरमा ६ छक्का



२०औं ओभरमा स्ट्राइकमा रहेका दीपेन्द्रले ओभरका सबै ६ बलमा ६ छक्का प्रहार गरे । विश्व क्रिकेटमा दीपेन्द्र एकै ओभरमा ६ छक्का हान्ने पाँचौं खेलाडी बने ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १ वैशाख

एसीसी प्रिमियर कपअन्तर्गत नेपालले आफ्नो दोस्रो खेलमा कतारलाई ३२ रनले पराजित गर्दै प्रतियोगितामा दोस्रो जित निकालेको छ । नेपाललाई जित दिलाउने क्रममा दीपेन्द्र सिंह ऐरीले अलराउण्ड प्रदर्शन गरे । टल जितेर पहिले ब्याटिङ गरेको नेपालले १९ ओभरमा ७ विकेट गुमाएर १७४ रन बनाएको थियो, क्रिजमा थिए दीपेन्द्र र सोमपाल कामी । २० औं ओभरमा स्ट्राइकमा रहेका दीपेन्द्रले ओभरका सबै ६ बलमा ६ छक्का प्रहार गरे । योसँगै उनले एकै ओभरमा ६ छक्का हान्ने विश्व कीर्तिमान बनाएका छन् ।

दीपेन्द्र नेपालबाट कुनैपनि अन्तर्राष्ट्रिय क्रिकेटमा एकै ओभरमा ६ छक्का हान्ने पहिलो खेलाडी समेत बने । यसअघि दीपेन्द्रले सेप्टेम्बरमा मंगोलियाविरुद्ध टी-२० आईमा दुई फरक ओभरमा लगातार ६ बलमा ६ छक्का हानेका थिए । सो खेलमा दीपेन्द्रले ९ बलमै क्रिकेट इतिहासकै सर्वाधिक छिटो अर्धशतक प्रहार गरेका थिए ।

तर विश्व क्रिकेटमा भने दीपेन्द्र एकै ओभरमा ६ छक्का हान्ने पाँचौं खेलाडी बने । दीपेन्द्रअघि दक्षिण अफ्रिकाका हर्सल गिब्स, भारतका युवराज सिंह, वेस्ट इन्डिजका काइरन पोलार्ड र अमेरिकाका

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## काबेली ह्युमनको पर्यटन प्रवर्द्धन भिजन
# कामदार लिने रोजगारदातालाई नै पर्यटक बनाएर भित्र्याउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ वैशाख




राजधानीको पिंगलास्थानमा रहेको काबेली ह्युमन रिसोर्स प्रा.लि.का तीनमध्ये सञ्चालकद्वय विजय कुमार लिम्बू र नवराज चम्लागाईले दुई दर्जन मलेसियाली पर्यटकलाई पोखरा घुमाएर शनिबार स्वदेश पठाए । झट्ट यो सुन्दा म्यानपावर व्यवसायीले पेशा परिवर्तन गरेर पर्यटन व्यवसाय शुरुवात गरेछन् कि जस्तो लाग्न सक्छ । तर विगत १५ वर्षअघिदेखि सक्रियताका साथ वैदेशिक रोजगार व्यवसायमा संलग्न उनीहरुले पेशा परिवर्तन नगरी पर्यटन प्रवर्द्धन गरेका हुन् ।

उनीहरुले मलेसियामा कामदार पठाउने कम्पनी र उनीहरुका पारिवारिक सदस्य र आफन्तलाई नेपाल भ्रमणमा बोलाएर काठमाडौंसहित नेपालको पर्यटकीय राजधानी पोखराका विभिन्न रमणीय तथा ऐतिहासिक स्थलहरुको करिब एक हप्ता भ्रमण गराएर मलेसिया पठाएका हुन् ।

नववर्ष २०८१ प्रारम्भको दिन वैशाख १ गते शनिबार बिहान काबेली ह्युमन रिसोर्स प्रा.लि.ले आयोजना गरेको बिदाइ कार्यक्रममा मलेसियाली पर्यटकहरु प्रफुल्लित देखिन्थे । मलेसियाको लाकन्दर पुतेरी जोहरमा कार्यालय रहेको एजेन्सी पेकरजान बेष्ट च्वाइस सोलुसन एसडिएन बिएचडीका म्यानेजिङ डाइरेक्टर बेनसन लाउले नेपाल भ्रमणमा आफू र आफ्नो टिमले न्यानो आतिथ्यता, स्वागत र सत्कार पाएको भन्दै पोखरा भ्रमणका क्रममा पुगेको फेवा ताल, महेन्द्र गुफा, शिव मन्दिर, बेसक्याम्प, म्युजियम, बौद्धस्तुपा र प्याराग्लाइडिङ अवीस्मरणीय रहेको बताए ।

उक्त कम्पनीमा कानूनी सल्लाहकारको जिम्मेवारीमा रहेकी लाउ यान्जीले नेपाली खाना खासगरी थकाली थाली, म:म: र चाउमिन अत्यन्तै स्वादिलो लागेको बताइन् । उनले भनिन्, 'मौलिक नेपाली खाना थकाली थाली र राजधानीको ठमेलमा रहेको एलओडी कन्सर्टको मनोरञ्जन मेरो जीवनकै अवीस्मरणीय क्षण हुन् । यी विषय लामो समयसम्म भुल्ने छैन ।'

म्यानपावर कम्पनी काबेलीका चेयरम्यान लिम्बूले नेपाली कामदार पठाउने मात्रै नभएर मलेसियाका रोजगारदाताहरुलाई ल्याएर यहाँका ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको भ्रमण गराएर मलेसियालीहरुका बीचमा नेपाल पनि विश्वका अन्य मुलुकजस्तै पर्यटकीय गन्तव्य मुलुक

>>> पृष्ठ २ मा



# ठमेल र दरबारमार्ग २४ सैं घण्टा खुला

**काठमाडौं/मस**-संघीय राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेल र दरबारमार्ग क्षेत्र शनिबारदेखि २४सैं घण्टा खुला भएका छन् । ठमेल पर्यटन विकास परिषद् र दरबारमार्ग विकास बोर्डले शनिबार साँझ ठमेलको त्रिदेवीमार्गमा आयोजना गरेको कार्यक्रममा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले २४सैं घण्टा बजार सञ्चालनको शुभारम्भ गरेका छन् ।

कार्यक्रममा गृहमन्त्री लामिछानेले ठमेल र दरबारमार्गको पर्यटनलाई चलायमान बनाउँदै देशको अर्थतन्त्रलाई सहयोग पुर्‍याउनका लागि २४सैं घण्टा बजार खुला गरिएको बताए ।

'ठमेल र दरबारमार्ग क्षेत्रको सुरक्षामा कहीँकतै कमी हुनेछैन । प्रहरी प्रशासनसँगै यस क्षेत्रलाई सुरक्षित बनाउने दायित्व नागरिकको पनि उत्तिकै हो । हामी सबै मिलेर यसलाई निरन्तरता दिनुपर्छ', उनले भने ।

गृहमन्त्री लामिछानेले ठमेललाई ठमेलजस्तो र दरबारमार्गलाई दरबारमार्गजस्तो बनाउन प्रहरी प्रशासनसँगै स्थानीय जनसहभागिता आवश्यक रहेको उल्लेख गरे । पर्यटन र ठमेल पर्यायवाची भएकाले यसलाई जोगाउन सबै लाग्नुपर्ने उनको भनाइ छ ।

गृहमन्त्री लामिछानेले जुनसुकै सहर सुरक्षित भएको महसुस गराउन आम नागरिक निर्धक्क भएर हिँड्ने वातावरण बनाउन आवश्यक रहेको बताउँदै ठमेल र दरबारमार्गलाई निर्धक्क रूपमा हिँड्ने वातावरण निर्माणमा सरकार लागेको बताए ।

काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले २४सैं घण्टा ठमेल र दरबारमार्गलाई सञ्चालन गरेर



विश्व जगतलाई सकारात्मक सन्देश दिन खोजिएको बताए । उनले उक्त अभियानले देशको अर्थतन्त्रमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

काठमाडौं -२६ का वडाध्यक्ष ख्यामराज तिवारीले ठमेल र दरबारमार्ग क्षेत्रलाई २४सैं घण्टा सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालयबाट जारी भएको आचारसंहितालाई कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए । उनले २४ सैंघण्टा बजार सञ्चालनमा ल्याउँदा स्थानीयका समस्या तथा सुरक्षा व्यवस्थाका बारेमा बुझ्नुपर्ने उल्लेख गरे ।

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले कोरोना महामारीपछि शिथिल रहेको ठमेल र दरबारमार्ग क्षेत्रको आर्थिक अवस्थालाई चलायमान बनाउन अभियानले सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले ठमेललाई नमूना पर्यटकीय नगरी बनाउने योजना अभियानले पूरा गर्ने विश्वास व्यक्त गरे । उनका अनुसार नेपाल आउने विदेशी पर्यटकमध्ये ८० प्रतिशत पर्यटक ठमेल आउने गरेका छन् ।

दरबारमार्ग विकास बोर्डका संयोजक सञ्जय अधिकारीले १० वर्षदेखि ठमेल र दरबारमार्ग २४सै घण्टा सञ्चालन गर्ने योजना अगाडि रहेकामा अहिले अघि बढेको भन्दै खुसी व्यक्त गरे । उक्त अभियानलाई विस्तारै काठमाडौंका अन्य सहरमा पनि लैजानुपर्ने उनको भनाइ छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जीतेन्द्र बस्नेतले ठमेल र दरबारमार्ग क्षेत्रलाई सुरक्षित बनाउनका लागि भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको जानकारी दिए ।

उनले ठमेल र दरबारमार्ग क्षेत्रलाई पूर्ण समय व्यवसाय सञ्चालन गर्नेगरी रात्रिकालीन समयमा समेत व्यवसाय सञ्चालन गर्न शुरु गरेकाले सोहीअनुसारको सुरक्षा व्यवस्था मजबुद बनाइएको बताए ।

उनका अनुसार ठमेल र दरबारमार्ग क्षेत्रमा पूर्ण समय व्यवसाय सञ्चालन गर्नेगरी ' आचारसंहिता तथा मापदण्ड-२०८० स्वीकृत गरेको छ ।

प्रजिअ बस्नेतले आचारसंहितामा व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता, उपभोक्ताले पालना गर्नुपर्ने आचारसंहिता, स्थानीय बासिन्दाको अधिकार, दायित्व र सुरक्षा संयन्त्रले सुरक्षा प्रदान गर्नका लागि अवलम्बन गर्नुपर्ने विधि, प्रक्रिया उल्लेख गरिएको जानकारी दिए ।

ठमेल र दरबारमार्ग क्षेत्रलाई सञ्चालन गर्न तयार गरिएको विशेष सुरक्षा योजनाभित्र पर्यटक प्रहरीलाई अझै व्यवस्थित र प्रभावकारी बनाइनेछ । ठमेलभित्र व्यवसायीमात्रै नभई स्थानीय बासिन्दाको पनि बसोबासको क्षेत्र भएकाले स्थानीयवासीलाई कुनै असर नपर्नेगरी व्यवस्था मिलाइएको छ ।

रात्रिकालिन मनोरञ्जनात्मक व्यवसायका क्रममा हुने ध्वनि प्रदूषणलाई नियन्त्रण गर्ने, खुला स्थानमा लाइभ म्युजिक गरेर मनोरञ्जनात्मक कार्यक्रमसहितका व्यवसाय निश्चित समयसम्मका लागि सञ्चालन गर्न पाउने र म्युजिक बन्द गरेर व्यवसाय सञ्चालन गनुपर्नेलगायत कुरा आचारसंहितामा राखिएका छन् । प्रजिअ बस्नेतले भगवानवहाल क्षेत्रमा स्थानीयवासीको बसोबासको क्षेत्र भएकाले सो स्थानमा यस्ता कार्यक्रम गर्न रोक लगाइएको जानकारी दिए ।

# नयाँ वर्षको अवसरमा मुक्तक वाचन



काठमाडौं/मस-नेपाल मुक्तक मञ्च काठमाडौं शाखाको आयोजनामा नयाँ वर्षको अवसरमा पोखरेली रेस्टुरेन्ट गंगबुमा मुक्तक वाचन कार्यक्रम सम्पन्न भएको छ।

नेपाल मुक्तक मञ्च काठमाडौं शाखाका अध्यक्ष राजेन्द्र घिमिरे सागरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथि वरिष्ठ साहित्यकार डा.दामोदर पुडासैनी किशोर, विशिष्ट अतिथि संसाक मासिकका सम्पादक उमेश पाण्डे र कल्पलता द्वैमासिकका प्रकाशक रेणु अधिकारी मौनता रहेकी थिइन् । नेपाल मुक्तक मञ्च काठमाडौं शाखाका सचिव तारा के.सी.ले सञ्चालन गरेको कार्यक्रममा नयाँ वर्षको अवसरमा शुभकामना आदान-प्रदानसहित मुक्तककारहरु ज्ञान्धारी कैनी, भवानीमैया पन्त, पार्वती पुडासैनी, उत्तम भेटुवाल, माधव बिडारी चेतनपथ, हरि कृष्ण धिताल (एच.के.धिताल) र यशोदा अधिकारीले आ-आफ्नो मुक्तक वाचन गरेका थिए । यस्तै डा.दामोदर पुडासैनी,उमेश पाण्डे र रेणु अधिकारी मौनताले पनि आफ्नो सृजना प्रस्तुत गरेका थिए ।

कार्यक्रमको प्रमुख अतिथि वरिष्ठ साहित्यकार डा.दामोदर पुडासैनी किशोरले साहित्यको जगेर्ना गर्न सबै एकजुट हुनुपर्ने, साहित्यकारहरु बीचको नियमित जमघटले साहित्यमा निखारता आइ उत्कृष्ट साहित्य सृजना हुने धारणा व्यक्त गरेका थिए । साथै सो कार्यक्रममा प्रमुख अतिथि डा.पुडासैनीले यो वा त्यो नभनी सबै एकजुटभइ साहित्यको शिर उचो बनाउनुपर्ने बताएका थिए ।

कार्यक्रमका विशिष्ट अतिथि संसाक मासिकको सम्पादक उमेश पाण्डेले कार्यक्रममा नयाँ वर्षको शुभकामनासहित साहित्यकारहरुको हितको बारेमा मन्तव्य राखेका थिए ।

कल्पलता द्वैमासिकका प्रकाशक तथा विशिष्ट अतिथि रेणु अधिकारी मौनताले साहित्य र साहित्यकारको उन्नयनको लागि आफू सदा लागि पर्ने बताइन् ।

# बाँकेका १६ सीमा स्तम्भ हराए

बाँके/मस-बाँकेका नदीनाला क्षेत्रमा रहेका १६ वटा नेपाल-भारत सीमा स्तम्भ हराएका छन् ।

बाँकेमा भारतसँग जोडिएको ६५ किलोमिटर सीमा नाकाअन्तर्गत पाँच मुख्य र ११ सहायक गरी १६ सीमा स्तम्भ हराइरहेको सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरी बल बागेश्वरी गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक विमल डाँगीले जानकारी दिए ।

'नदीनाला क्षेत्रमा रहेका पिल्लर हराएका छन् । अन्य केही



जीर्ण अवस्थामा छन्,'सशस्त्र प्रहरी उपरीक्षक डाँगीले भने, 'हराएका पिल्लर प्राय: राप्ती नदी आसपासका छन्, बाढीले बगाएका ती पिल्लर पुन:निर्माण हुन नसकेको हो ।'

नरैनापुर-१ हुलासपुर्वास्थित सीमा स्तम्भ जीर्ण भई भत्किने अवस्थामा छ । बाँकेमा भारतसँग जोडिएको ६५ किलोमिटर सीमा क्षेत्रमा ३२ मुख्य र दुई सय ७९ सहायक गरी तीन सय ११ सीमा स्तम्भ छन् । कुनै पनि सीमा स्तम्भको मर्मत र रंगरोगन गर्नका लागि नेपाल भारत दुवै देशको संयुक्त प्रतिनिधित्व चाहिन्छ । सीमा स्तम्भ नदीनालाले बगाएको वा ढलेको भए दुई देशको नापी विभागको संयुक्त टोली बिना केही गर्न नपाइने भएकाले सशस्त्र प्रहरी बलले सीमा स्तम्भको नियमित अनुगमन गरी सम्बन्धित निकायमा पठाउने गरेको प्रहरी उपरीक्षक डाँगीको भनाइ छ ।

दुई देशको संयुक्त निर्णयमा केही महिनाअघि सशस्त्र प्रहरीले ७१ सीमा स्तम्भ रङरोगन गरेको छ । सन् २०१४ यता बनेका एक सय ४० सीमा स्तम्भमध्ये नेपालले बिजोर नम्बर र भारतले जोर नम्बर भएका सीमा स्तम्भ रङरोगन गरेका छन् । दुई देशको संयुक्त टोलीले फाइनल गर्न बाँकी एक सय ७१ सीमा स्तम्भको मर्मत र रङरोगन हुन नसक्दा जीर्ण बनेका छन् ।

बाँकेको सीमा क्षेत्रमा भौतिक पूर्वाधार र आवश्यक जनशक्ति नहुँदा नेपालतर्फ सशस्त्र प्रहरीले सीमामा बाक्लो उपस्थिति जनाउन सकेको छैन । पैसट्ठी किलोमिटरमा सशस्त्र प्रहरीले १० बोर्डर आउट पोष्ट (बिओपी) राखेर सुरक्षा दिइरहेको छ ।

भारततर्फ भने २३ बिओपी रहेका छन् । नेपालतर्फ जानकी गाउँपालिकाको साइगाउँमा एउटा बिओपी थप्ने तयारी भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।

## रविविरुद्धको...

कार्यसमितिको बैठक राखेको छ । आइतबार बिहान साढे ७ बजे संसदीय दल कार्यसमितिको बैठक बस्नेछ ।

संसदीय दलको कार्यसमिति र संसदीय दलको बैठक पछि रविविरुद्धको मुद्दामा रणनीति प्रष्ट हुने र त्यसआधारमा प्रतिनिधि सभाको बैठकमा सहभागी हुने कांग्रेसको तयारी छ ।

कांग्रेसले सहकारी अनियमिततामा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको संलग्नताबारे छानबिन गर्न संसदीय समिति गठनको माग गर्दै आएको छ ।

बचतकर्ताको ८० करोडभन्दा बढी रकम अपचालन गरेर जीबी राई र उनको समूहले ग्यालेक्सी टीभी चलाएको कांग्रेसको आरोप छ । त्यो टीभीमा स्थापनाकालदेखि २०७७ असारसम्म रवि लामिछाने कार्यकारी निर्देशक थिए । टीभी छाड्ने क्रममा उनले १ लाख ८० हजार थान शेयर १ करोड ८० लाख जीबी राईलाई बेचेको लिखित कागज कम्पनी रजिस्टारको कार्यालयमा बुझाएका छन् ।

गृहमन्त्री रविले भने आफूले रकम नलिएको, रकम लगानी नगरी पाएको शेयर ट्रान्सफर गर्न मात्र कागज गरेको दाबी गर्दै आएका छन् । ६ चैतको प्रतिनिधि सभा बैठकमा प्रधानमन्त्री प्रचण्डले सहकारीको रकम हिनामिनामा रवि लामिछाने संलग्न नरहेको प्रहरी ब्रिफिङ रहेको बताएका थिए ।

प्रधानमन्त्रीको जवाफमा चित्त नबुझाएको कांग्रेसले त्यसयता संसदीय समिति बनाएर छानबिन गर्नुपर्ने अडान लिँदै आएको छ । यो समस्याको निरुपण नहुँदै सरकारले अधिवेशन अन्त्यका लागि सिफारिस गरेको हो ।

आफूहरुले उठाएको मुद्दा निरुपण नहुँदै अधिवेशन अन्त्यको सिफारिस भएपछि कांग्रेसले विपक्षी दलहरुले संसदमा उठाउँदै आएका माग छल्न सरकारले अधिवेशन नै अन्त्यका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको टिप्पणी गरेको हो ।

शुक्रबार बसेको मन्त्रिपरिषदको बैठकले अधिवेशन अन्त्यका लागि राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो । सरकारले यस्तो निर्णय लिनु अगाडि प्रमुख प्रतिपक्षी दलसँग पर्याप्त छलफल र परामर्श नगरेको कांग्रेसकी सचेतक थिङ्ले बताइन् ।

'चालू अधिवेशन अन्त्य गर्ने समय हुँदै थियो । वैशाख पहिलो सातासम्म चलाउन सकिन्थ्यो । तर, सरकारले संसदीय छानबिनको माग छल्न संसद अधिवेशन अन्त्यको सिफारिस गरेको हाम्रो बुझाइ छ' उनले भनेकी छन् ।

आफूहरुको माग सम्बोधन नभइ संसद अधिवेशन अन्त्य गरेर सरकारले समस्यालाई पन्छाउन खोजेको कांग्रेसले टिप्पणी छ ।

अर्को अधिवेशनमा समेत यो विषय उठ्न सक्ने र यसका लागि पार्टीले उपयुक्त निर्णय लिने कांग्रेस सचेतक थिङ बताउँछिन् । उनी भन्छिन्, 'केही समयभित्रै सरकारले बजेट अधिवेशन बोलाउनैपर्छ बोलाउला । त्यसबेला परिस्थिति अनुसार कांग्रेसले आफ्नो व्यवहार प्रस्तुत गर्छ ।'

## दीपेन्द्रको ...

जसकरण मलहोत्राले एकै ओभरमा ६ छक्का हान्ने विश्व रेकर्ड राखिसकेका छन् । हर्सलले एक दिवसीय अन्तर्राष्ट्रिय खेलमा सन् २००७ को विश्वकपमा नेदरल्यान्ड्सविरुद्धको खेलमा उक्त कीर्तिमान बनाएका थिए । युवराजले सन् २००७ को टी-२० विश्वकपमा इंग्ल्यान्डविरुद्ध एकै ओभरमा ६ छक्का बनाएका थिए । पोलार्डले श्रीलंकाविरुद्धको खेलमा ६ छक्का प्रहार गरेका थिए । मल्होत्राले पनि पपुवा न्युगिनीविरुद्धको एक दिवसीय खेलमा त्यस्तै कीर्तिमान बनाएका थिए ।

## काबेली...

हो भनेर स्थापित गराउने चाहनाअनुसार यसपटक मलेसियालीहरुलाई नेपाल ल्याएर भ्रमण गराएको बताए । उनले एकपटक नेपाल आएको विदेशी पर्यटक पटक-पटक नेपाल घुम्न आउने र साथमा अन्य व्यक्तिलाई पनि नेपाल ल्याउने भएकाले नेपाल आउने ट्रेण्ड बसाल्नकै लागि पनि मिहिनेत गरेर मलेसियालीहरुको भ्रमण सफल बनाएको बताए ।

लिम्बूले भनेजस्तै एजेन्सी पेकरजान बेष्ट च्वाइस सोलुसन एसडिएन बिएचडीका म्यानेजिङ डाइरेक्टर लाउले यसपटक समयले नभ्याएका कारण आफूहरुले बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्न नपाएको र आगामी वर्ष जसरी पनि लुम्बिनीको भ्रमण गर्ने बताए ।

काबेलीका अर्का सञ्चालक चम्लागाई मलेसियाली भाषाका जानकार व्यवसायी हुन् । उनले सबै स्थान तथा पर्यटकीय स्थलबारे मलेसियाको स्थानीय मलय भाषामा नै जानकारी गराउककदा मलेसियासी पर्यटकहरु दंग थिए । सबै विषयको जानकारी आफ्नै भाषामा पाएपछि उनीहरुलाई सहज भएको ज्ञान एचएल नामका अर्का पर्यटकले बताए । आर्थिकरुपमा सम्पन्न मलेसियालीहरु छिटो-छिटो विदेश भ्रमण गरिरहन्छन् । तर उनीहरुको गन्तव्य सिंगापुर, थाइल्याण्ड, युरोप र अमेरिका हुने गरेको छ ।

विगतमा नेपालले मलेसियाली पर्यटक भित्र्याउन पहल नगरेको भने होइन । तर सरकारले सोचेअनुसार मलेसियाली पर्यटक नेपाल भित्रिएका छैनन् । विगतमा नेपाल पर्यटन बोर्डले मलेसियाको ठूलो चेन भएको केके सुपरमार्टसँग सम्झौता गर्दै त्यहाँका ६ सय ५० बढी ठाउँमा नेपालका पर्यटकीय क्षेत्रको प्रचारप्रसार सामग्री प्रसारण गर्ने बताएको थियो । नेपाल पर्यटन बोर्डका तत्कालीन सीईओ डा. धनन्जय रेग्मी र सुपरमार्टका दतुक डा. केके चाईबीच गत वर्ष त्यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर पनि भएको थियो । सम्झौताअनुसार केके सुपरमार्टले आफ्नो सबै आउटलेटहरुमा नेपालका पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि भिडियो तथा फोटो प्रदर्शन गर्ने सहमति थियो । त्यसबाट थाइल्याण्ड, युरोप र अमेरिका पुग्ने गरेका मलेसियाका धेरै पर्यटक नेपाल आउने अपेक्षा थियो ।

नेपाली टोलीले मलेसियाको राजधानी क्वालालाम्पुरसहित पेनाङमा नेपाल सेल्स मिसनअन्तर्गत कार्यक्रम पनि राखेको थियो । तर सरकारीस्तरबाट पर्याप्त इच्छाशक्ति नदेखाइएको र प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिन नसकेपछि अपेक्षितरुपमा मलेसियाका पर्यटक नेपाल आउन सकेनन् ।

काबेलीका अर्का सञ्चालक लोकनाथ रिमालले आफ्नो कम्पनीले जस्तै नेपालमा रहेका अन्य म्यानपावर कम्पनीले रोजगार गन्तव्य मुलुकका पर्यटक भित्र्याउन पहल गर्ने हो भने भविष्यमा ठूलो संख्यामा विदेशी पर्यटक नेपाल आउने र त्यसबाट उल्लेख्य मात्रामा स्वदेशमै रोजगारीको सिर्जना र विदेशी मुद्रा आर्जन हुने सम्भावना रहेको बताए । उनले सबै म्यानपावर कम्पनीले यताबाट कामदार पठाउनुका साथसाथै उताबाट पर्यटक भित्र्याउन योजना बनाउन जरुरी रहेको पनि बताए । त्यसका लागि सरकारले पनि व्यवसायीलाई इन्सेन्टीभ दिन जरुरी रहेको रिमालको भनाइ छ ।

# बिस्केटको ५५ हात लामो लिंगो ढालियो



**भक्तपुर/मस**-भक्तपुरको प्रसिद्ध बिस्केट जात्राको प्रमुख मानिने लिङ्गो शनिबार साँझ ढालिएको छ । तान्त्रिक विधिअनुरूप पूजा अर्चना गरी शनिबार साँझ लिङ्गो ढालेपछि जात्रा सम्पन्न गरिएको हो । बिस्केट जात्राको चौथो दिन शुक्रबार साँझ भेलुखेलस्थित ल्यासिंखेलमा उठाइएको लिङ्गो आज दिनभर जात्रा, पूजा एवं बली दिएर ढालिएको हो ।

कूल ५५ हात लामो, नाङ्लो जत्रो फराकिलो लिङ्गो तान्त्रिक विधिपूर्वक दशकर्म विधान गरी ढालिएको हो । लिङ्गो ठड्याउनु अघि लिङ्गोको कोखा (टुप्पो) मा नाग र नागिनीको प्रतीकस्वरूप दुईवटा ध्वजा बाँधेर अष्टमातृकाका प्रतीक आठ वटा डोरीले तानेर उक्त लिङ्गो ठड्याइने प्रचलन रहेको छ । त्यही आठ वटा डोरीले आठ कुनामा बसेर लिङ्गो ढालिएको थियो ।

लिङ्गोको कोखामा झुण्ड्याइएका दुईवटा ध्वजालाई वीरध्वजा, विश्वध्वजा, र आकाशभैरवका ध्वजासमेत भनिने ईतिहाासविद् एवं संस्कृतिकर्मी डा पुरुषोत्तम लोचन श्रेष्ठले जानकारी दिए । भक्तपुरको प्रसिद्ध बिस्केटको लिङ्गो जात्रा हेर्नाले सुख, समृद्धि, सहकाल आउनुका साथै शत्रु नाश हन्छन् भन्ने धार्मिक मान्यता रहेकाले यस जात्रालाई शत्रुहन्ता जात्रा पनि भन्ने गरिएको छ ।

लिङ्गो उभ्याइने र ढाल्ने जात्रा नै बिस्केटको प्रमुख जात्रा हो । मल्ल राजाहरूले भैरवनाथ र भद्रकालीको रथ जात्रा समावेश गरी तान्त्रिक पूजा विधि विधानसमेत थप गरी आठ रात नौ दिनसम्म जात्रा मनाउने प्रचलन थालिएको बताइन्छ ।

लिङ्गो ढालेपछि ल्योसिङखेलबाट भैरवनाथको रथ गःहिटी ल्याएर भैरवनाथ र भद्रकालीको रथ जुधाइएको छ । भैरव र भद्रकाली देवदेवीको समागम जात्रा भनेर चिनिने सो रथ जुधाउने कार्यलाई स्थानीय भाषामा द्यो ल्वाकिगु भनिन्छ ।

# झुलाघाट नाका मंगलबारदेखि बन्द हुने



**बैतडी/मस**-भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाका मंगलबारदेखि बन्द हुने भएको छ । भारतमा हुने लोकसभा निर्वाचनलाई मध्यनजर गर्दै सीमानाका बन्द गर्न लागिएको बैतडीका प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले जानकारी दिए ।

अप्रिल १९ तारिख (वैशाख ७ गते) उत्तराखण्ड राज्यमा निर्वाचन हुँदैछ । उक्त निर्वाचनलाई मध्यनजर गर्दै वैशाख ४ गते साँझ ७ देखि वैशाख ७ गते साँझ ७ बजेसम्म झुलाघाट नाका बन्द रहने प्रजिअ शर्माले बताए ।

सुरक्षा संवेदनशीलताको कारण नाका बन्द हुन लागेको हो । सीमा बन्द रहेको अवधिमा आकस्मिक रूपमा खोल्नुपरेमा आपसी सहमतिमा खोल्न सकिने जनाइएको छ । भारतीय अधिकारीहरूसँग यसअघि नै समन्वय गरेर नाका बन्द गरिने भएको हो । कुनै देशमा चुनाव हुँदा अन्तर्राष्ट्रिय नियमानुसार नै सीमा बन्द गर्ने चलन छ ।

# काठमाडौंमा स्कुटर दुर्घटनामा एकको मृत्यु

**काठमाडौं/मस**-काठमाडौंमा शनिबार भएको स्कुटर दुर्घटनमा एक जनाको मृत्यु भएको छ । काठमाडौं महानगरपालिका-३२ कोटेश्वर मुनिभरैव बस पकेट नजिक सडकमा तीनकुनेबाट कोटेश्वरतर्फ जाँदै गरेको बागमती प्रदेश ०२ ०२६ प ६००२ नम्बरको स्कुटर दुर्घटनामा परेको हो ।

दुर्घटनामा स्कुटर चालक काठमाडौं पेप्सीकोला बस्ने ५२ वर्षीय रामशरण केसीको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको नयाँ बानेश्वरस्थित सिभिल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट १ करोड ७० लाखको क्षति

यसैबीच काठमाडौं महानगरपालिका १४ कलंकीस्थित भाटभटेनी सुपर मार्केटमा करेन्ट सर्ट भई आगलागी हुँदा एक करोड ७० लाखको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

शुक्रबार साँझ त्यहाँको जेनेरेटर २ थान, ट्रान्सफर्मर १ थान, प्यानल बोड १ थान, बिसिटी १ थान, फ्रिज कम्प्रेशर १ थानलगायत जलेर करिब १ करोड ७० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जानकारी दिएकोछ ।

# लुम्बिनीमा छिट्टै मन्त्रीमण्डल विस्तार : मुख्यमन्त्री महरा

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १ वैशाख

लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोख बहादुर महराले प्रदेशमा छिट्टै मन्त्रीमण्डल विस्तार हुने बताएका छन् । नयाँ वर्ष २०८१ को अवसरमा गृह जिल्ला रोल्पा पुगेका मुख्यमन्त्री महराले रोल्पा नगरपालिकाको सातदोबाटोमा निर्माण गरिएको शहीद स्तम्भ र सुनिलस्मृति गाउँपालिका गजुलमा निर्माण गरिएको सुनिल पार्कमा रहेको किम बहादुर थपा (सुनिल)को शालिकमा माल्यार्पण गर्दै सो कुरा बताएका हुन् ।

'हामी अहिले सरकारमा सहभागी भएका दलहरूसँग छलफल गरिरहेका छौं र मलाई लाग्छ यो हप्ताभित्रै लुम्बिनी प्रदेशमा मन्त्रीमण्डल विस्तार हुन्छ,' मुख्यमन्त्री महराले भने ।

मुख्यमन्त्री महराले यो देशलाई यो स्थानसम्म ल्याइपुऱ्याउने, ज्यानको बलिदान दिने सम्पूर्ण शहीद योद्धाहरुप्रति श्रद्धाञ्जली तथा घाइते अपाङ्गप्रति सम्मान र स्वास्थ्य लाभको कामनासमेत व्यक्त गरे ।



रोल्पा जिल्ला नयाँ ठाउँमा र नयाँ नेतृत्वमा पुगेको बताउँदै उनले प्रतिनिधि सभाका सांसद वर्षमान पुन संघीय मन्त्रालयको अर्थमन्त्री, प्रदेश सभा १ क बाट निर्वाचित आफू लुम्बिनी प्रदेशको मुख्यमन्त्री र प्रदेश सभा १ ख बाट निर्वाचित दीपेन्द्र कुमार पुन मन्त्री बनेको बताए । 'यो जिल्लाले दिएको माया, यो जिल्लाले दिएको भोटलाई हाम्रो पार्टी, अहिले बनेको सत्ता समीकरणले उच्च हिसाबले सम्मान र महत्व दिएको छ,' उनले भने ।

नव वर्ष २०८१ साल सुख, शान्ति, समृद्ध देश बनाउने वर्षको रूपमा परिचित होस् भनि उनले शुभकामनासमेत व्यक्त गरे । मुख्यमन्त्री महराले २०८० चैत ३० गते शुक्रबार प्रदेश सभाबाट मुख्यमन्त्रीमा विश्वासको मत लिएका हुन् । उनले लुम्बिनी प्रदेशसभामा ८६ सांसद मध्ये ४८ जना सांसदको साथ पाएका छन् भने नेपाली कांग्रेससहित २८ जना सांसदले मुख्यमन्त्री महराको विपक्षीमा मत दिएका थिए । कार्यक्रममा लुम्बिनी प्रदेशका मन्त्री दीपेन्द्र कुमार पुनको पनि सहभागिता रहेको थियो ।

# मधेशमा चैती छठको रौनक

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
**लालबाबु बानिया/मध्यान्ह**
मधेश, १ वैशाख



मधेश प्रदेशमा चैती छठ पर्व मनाउन शुरु भएको छ । चैती छठ चैत शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने गरिन्छ । चैती छठ पर्वको मुख्य दिन आइतबार व्रतालुले निराहार व्रत बस्ने परम्परा छ । शनिबार पहिलो दिन नहाए खाए विधि गरिएको छ । खर्नाका दिन व्रतालुले दिनभरि उपवास निराहार बसेर राति खानेकुरा खाने गर्छन् । आइतबार षष्ठी तिथिका दिन निराहार व्रत बसी साँझ पवित्र जलाशयमा बनाइएको घाटमा गइ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ दिने परम्परा रहेको छ ।

अर्घ दिइने क्रममा फलफूल र ठेकुवा, कसारलगायतका परिकार राखिएको अर्घ उठाइ सूर्यदेवलाई देखाइन्छ । सो दिन गरिने विधिलाई मधेशमा 'सझिआ अरघ' भनिन्छ । सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाई यीनै प्रसाद सामग्री देखाएर अर्घ दिइ व्रत समापन गरिन्छ । यो विधिलाई बोलीचालीमा 'भोरवा अरख' भनिन्छ ।

शरद र वसन्त ऋतुमा गरी वर्षमा दुई पटक मनाइने छठ सूर्य उपासनाको पर्व हो । शरद ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ ।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन सोमबार रौतहट, बारा, पर्सा, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाहीलगायत मधेश प्रदेशभरिका शहरी तथा ग्रामीण क्षेत्रको जलाशयमा उदाउँदो सूर्यलाई अर्घ अर्पण गर्दै धूमधामका साथ चैती छठ पर्व सम्पन्न गरिन्छ ।

छठ पर्वको बारेमा पौराणिक कथाअनुसार सत्ययुगमा भगवान श्रीराम, द्वापर युगमा दानवीर कर्ण र पाँच पाण्डवको पत्नी द्रौपदीले सूर्यको उपासना गरेको मान्यता रहेको छ ।

# विविध कार्यक्रमसहित मोना कतारले मनायो नेपाली नयाँ वर्ष



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १ वैशाख

कतारमा रहेका म्याग्देलीहरुको साझा संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले नेपालीहरूको नयाँ वर्ष भव्यरूपमा मनाएको छ । इस्लाम धर्मावलम्बीहरूको महान पर्व ईद उल फित्रको अवसर पारेर आयोजना गरिएको आन्तरिक वनभोज तथा शुभकामना आदान प्रदानसहित मोना कतारले नयाँ वर्ष मनाएको हो ।

कार्यक्रम दोहा शहरबाट करिब ५० किलोमिटरको दुरीमा रहेको अलदोसरी पार्कमा शुक्रबार संघका अध्यक्ष राजु पौडेलको अध्यक्षता तथा कतार भ्रमणमा रहेका म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं ९ का चक्र केसीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । गीत गाउँदै नाच्दै रम्दै रमाउँदै म्याग्देली जम्मा भएर मनाइएको नयाँ वर्षलाई थप रौनकता दिन अन्ध निशान खेल प्रतियोगिता गराइएको थियो । ३० जना सहभागी उक्त खेलमा २९ जनालाई हराउँदै संघका कार्यसमिति सदस्य गंगा कँडेलले पुरुषकार जितेका छन् ।

कार्यक्रममा मोना कतारका संरक्षक तथा सल्लाहकारहरूले समेत शुभकामना मन्तव्य राखेका थिए । आफ्नो मन्तव्य राख्दै मोना कतार बहुउद्देश्यीय अक्षय कोषका अध्यक्ष विक्रम कार्कीले रोजगारीका लागि कतारमा आए पनि जन्मभूमिमा सक्ने सबै किसिमको सहयोग गरिएको बताउँदै मोना कतार र बहुउद्देश्यीय अक्षय कोषमार्फत समस्यामा परेकालाई उद्धार सहितका अभियानमा समेत साथ दिँदै आइरहेको बताए ।

संघका उपाध्यक्ष हेम बानियाँले स्वागत मन्तव्य राखेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि केसीले व्यक्तिगत भ्रमणमा कतारमा आउँदा मोना कतार जस्तो प्रतिष्ठित संस्थाले आफूलाई दिएको स्थान र सम्मानको प्रशंसा गरे । केसीले मोना कतार सदैव जिल्लामा अग्रणी संस्था रहनुको रहस्यको भेद आफूले कतारमा आउँदा संस्थागत एकता देखेर बुझेको बताउँदै मोना कतारका हरेक गतिविधिमा जिल्लामा आफ्नो स्थानबाट साथ सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । महासचिव शिव खड्काले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै अध्यक्ष पौडेलले संस्थालाई सबैको साझा बनाउन आफू लागी परेको बताउँदै संस्थामै आबद्ध हुन र सामाजिक कार्यमा हात मिलाउन उपस्थित समक्ष आग्रह गरेका थिए ।

# डोल्पामा आगलागीमा परेर एक सातामा ६ जनाको मृत्यु



**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, १ वैशाख

हिमाली जिल्ला डोल्पामा एक साताभित्र आगलागीमा परेर ६ जनाले ज्यान गुमाएका छन् । त्रिपुरासुन्दरी नगरपालिका-४ रंग गाउँका जलनबाट घाइते दुई बालकको उपचारको क्रममा मृत्यु भएसँगै मृत्यु हुनेको संख्या ६ पुगेको हो ।

सुं सामुदायिक वनमा भएको आगलागीम चैत २९ गते जलेर घाइते भएका १३ वर्षीय समन्त बुढा र ११ वर्षीय विवस बुढाको उपचारको क्रममा काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पतालमा मृत्यु भएको हो ।

वनमा गुच्छी च्याउ टिप्न गएको बेला आगोमा परी रंग गाउँका कक्षा ४ मा पढ्ने ९ वर्षीया विवस बुढा, १० वर्षीय सुलस बुढा र १३ वर्षीय सुमन्त बुढा घाइते भएका थिए ।

घाइते सलस बुढाको उपचारका क्रममा जिल्ला अस्पताल दुनैमा चैत ३० गते निधन भएको थियो । काठमाडौंमा उपचारत विवस र समन्तको भने उपचारकै क्रममा शनिबार निधन भएको आफन्त विकाश बुढा क्षेत्रीले जनाएका छन् । घाइते तीन जना बालकको मृत्यु भएपछि यतिबेला त्रिपुरासुन्दरी-४ को सिंगो गाउँ शोकमा डुबेको छ । मृतक बालकहरुको काठमाडौंस्थित पशुपति आर्यघाटमा दाहासंस्कार गरिने बताइएको छ ।

गत सोमबार मात्रै मष्टा भवानी सामुदायिक वनमा आगलागी नियन्त्रण गर्न गएका सदरमुकामस्थित देविदत्त गुल्मका ३ जना सैनिकको मृत्यु भएको थियो । एक जनाको भने काठमाडौंको कीर्तिपुरस्थित बर्न हस्पिटलमा उपचार भइरहेको छ ।

# ज्योति भविश्वर क्यापसमा दोस्रो महायज्ञ

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ वैशाख



ज्योति भविश्वर बहुमुखी क्यापस ठाडामा दोस्रो महायज्ञ शुरु भएको छ । महायज्ञको एक विशेष कार्यक्रमकाबीच लुम्बिनी प्रदेशसभा सदस्य रामजी प्रसाद घिमिरेले उद्घाटन गरेका छन् ।

महोत्सवको उद्घाटन गर्दै प्रदेशसभा सदस्य घिमिरेले देश समृद्धिका लागि कला, धर्म, संस्कृति, पर्यटनका साथै स्थानीय उत्पादन नै महत्वपूर्ण हुने भन्दै अब आर्थिक सामाजिक विकासमा ध्यान दिनुपर्ने बताए ।

भौतिक पूर्वाधार विकासलाई मात्र विकासको सूचक मान्ने गलत बुझाइ भएको भन्दै क्याम्पसको स्तर उन्नतिका लागि धेरै प्रयास गर्दा पनि प्रयाप्त बजेट विनियोजन गर्न नसकिएको उनले बताए । आगामी दिनमा देशकै ठूलो नगरपालिकाको एकमात्र क्याम्पसको विकासका लागि लागि पर्ने पनि उनले बताए । कार्यक्रमका विशिष्ट अतिथि एवम् जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले महायज्ञले शिक्षा र पर्यटन विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कथावाचक विश्व विख्यात कथा वाचक बाल योगेश्वर विजय कृष्णमूर्ति जी महाराजले क्यापसको स्तरोन्नतिका लागि गर्न लागिएको महायज्ञमा सबै सरोकारवालाहरुले सहयोग गर्नुपर्ने बताए । उनले महायज्ञका सबै कार्यक्रममा सहभागी हुन सबैलाई अनुरोध समेत गरे ।

उद्घाटन कार्यक्रममा शितगंगा नगरपालिकाका नगर प्रमुख छविलाल पौडेल, नगर उपप्रमुख गीता भाट, प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्मा, पत्रकार महासंघका जिल्ला सहसचिव एवम् पर्यटन प्रवर्द्धन अभियानका प्रवक्ता हृदय भुसाल लगायतले महायज्ञ सफलताको शुभकामना व्यक्त गरेका थिए । उद्घाटन कार्यक्रम क्याम्पस सञ्चालक समितिका अध्यक्ष कुमार केशव बेल्वासेको अध्यक्षता, क्यापस प्रमुख बिष्णु भट्टराईले स्वागत र पत्रकार अराज बेल्वासेले सञ्चालन गरेका थिए ।

कार्यक्रममा राजनीतिक दलका प्रमुख, जनप्रतिनिधि, कर्मचारी शैक्षिक तथा धार्मिक व्यक्तित्व सामाजिक अगुवा पत्रकारहरुको समेत उपस्थिति रहेको थियो ।

सो अवसरमा बाजागाजा र कलश यात्रासहित बजार परिक्रमा गरिएको थियो । कार्यक्रममा सबैलाई खुलेर सहयोग गर्नका लागि क्यापस प्रमुख बिष्णु भट्टराईले अनुरोध समेत गरेका थिए । कार्यक्रममा शितगंगा नगरपालिकाका जनप्रतिनिधिहरु, नगरपालिकाका योजना अधिकृत नुमलाल खनाल लगायतको उपस्थिति रहेको थियो ।

# लागुऔषधसहित विभिन्न स्थानबाट पाँच जना पक्राउ

**काठमाडौं/मस**-काठमाडौंसहित विभिन्न जिल्लाबाट लागुऔषधसहित पाँच जना पक्राउ परेका छन् । काठमाडौं महानगरपालिका-१६ सोह्रखुट्टेबाट चरेश जस्तो देखिने पदार्थ ४ किलोसहित चन्द्रागिरी नगरपालिका-१२ गुर्जुधारा बस्ने मकवानपुर थाहा नगरपालिका-७ घर भएका ३७ वर्षीय अर्जुन स्याङतानलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उक्त स्थानमा रहेको फुड ओ क्लक क्याफेको पार्किङमा रोकी राखेको बा.१ ज ७२२६ नम्बरको ट्याक्सीलाई जाँच गर्ने क्रममा उक्त पदार्थ फेला पारी ट्याक्सी चालक स्याङतानलाई पक्राउ गरेको हो । सुनसरी, धरान उपमहानगरपालिका-१७ सरस्वती चोक बस्ने २६ वर्षीय सुरेश गिरीलाई अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्रामसहित शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

यस्तै कैलाली, धनगढी उपमहानगरपालिका-८ बाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६ सय मिलिग्रामसहित सोही ठाउँ बस्ने २८ वर्षीय प्यारेलाल रानालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी र जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यसैगरी कैलाली, गौरीगंगा नगरपालिका-१ चौमाला बजारबाट अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ४० मिलिग्रामसहित सोही ठाउँ बस्ने २० वर्षीय समिर खड्कालाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय चौमालाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यस्तै मोरङ, विराटनगर महानगरपालिका-१६ दक्षिण गेटबाट अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्रामसहित सोही महानगरपालिका-१५ बस्ने १९ वर्षीय प्रेम चौधरीलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

# आगलागीबाट धनमाल जलेर नष्ट



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १ वैशाख

उदयपुरमा एक घरमा आगलागी हुँदा धनमाल जलेर नष्ट भएको छ । त्रियुगा नगरपालिका -१० गुन्टेस्थित रिद्धिबहादुर कटुवालको घर जल्दा सो घरमा रहेको धान अन्नपात र भाडावर्तनका साथै काठ जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक राजन चापागाईंले जानकारी दिए ।

चापागाईंका अनुसार आगलागीबाट १० लाख ७६ हजार बराबरको क्षति भएको अनुमान छ । आगलागीको कारण खुल्न नसकेको प्रहरीले जनाएको छ ।

# व्यवसायी चेम्जोङको निधन

**काठमाडौं/मस**-वैदेशिक रोजगार व्यवसायी त्रिवेणी चेम्जोङको निधन भएको छ । डी प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि.का जनरल म्यानेजर तथा नेपाल लोकतान्त्रिक लिम्बू संघका केन्द्रीय अध्यक्षसमेत रहेका ५० वर्षीय चेम्जोङको शनिबार साँझ निधन भएको हो ।



ताप्लेजुङ मैवा खोला स्थायी घर भएका व्यवसायी चेम्जोङ लामो समयदेखि काठमाडौंमै रहेर व्यवसाय र समाजसेवा गर्दै आएका थिए । नेपाल वैदेशिक रोजगार व्यवासयी संघका पूर्वकार्यसमिति सदस्यसमेत रहेका चेम्जोङ लामो समयदेखि प्रेसर, सुगर र कलेजो रोगबाट ग्रसित थिए ।

मैवा खोला सरोकार समाजका अध्यक्ष, ताप्लेजुङ सरोकार केन्द्रको आजीवन सदस्यसमेत रहेका चेम्जोङको स्वास्थ्य शुक्रबार अचानक गम्भीर भएपछि काठमाडौंको सिनामंगलस्थित केएमसी अस्पतालमा उपचारार्थ भर्ना भएका थिए । त्यहाँ उनलाई भेन्टिलेटरमा राखेर उपचार गरिएको थियो । शनिबार चिकित्सकका साथै परिवारको सल्लाह अनुसार चेम्जोङलाई एम्बुलेन्समार्फत उनलाई धरान लगिएको थियो । तर धरान लैजाँदै गर्दा उनको बाटोमै निधन भएको पारिवारिक स्रोतले जनाएको छ । चेम्जोङका श्रीमती र दुई छोरा रहेका छन् ।

# इलाममा मदिरा बिक्री-वितरणमा रोक

**मंगलबारे/मस**-इलाम-२ मा वैशाख १५ गते हुन लागेको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनलाई लक्षित गरी मदिरा बिक्री वितरणमा प्रतिबन्ध गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय इलामले यही वैशाख २ गतेदेखि वैशाख १५ पछिको मतगणना नसकुन्जेलसम्म मदिरा बिक्री-वितरणमा प्रतिबन्ध लगाएको इलामका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए ।

निर्वाचनपूर्व, निर्वाचन र निर्वाचनपछिको समयमा शान्ति-सुरक्षामा असर पर्ने भन्दै मदिराजन्य पदार्थ बिक्री-वितरण एवं सेवन गर्न रोक लगाइएको हो । जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै यदि मदिरा प्रयोग एवं बिक्री वितरण गरेको पाइएमा कानूनअनुसार कारबाही गरिने बताइएको छ ।

शान्ति सुरक्षालाई मध्यनजर गरेर गरिएको यस कार्यलाई सहयोग गर्न जिल्ला प्रशासन कार्यालय इलामले सम्पूर्णमा आग्रह गरेको छ ।

Vacancy Announcement
A reputed Manpower company Office wanted follwing staffs for its office urgently.
Receptionist/Office Asst. - 2 (Female)
SALARY Negotiable
Experienced in Manpower Office works for minimum 2 years is preferred.
Contact:01-4034677, 9810166668, 9808577289
MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Nagarjun-4, Sitapaila, Kathmandu
Email: manakamanamfec1@ gmail.com
Licence No. 753/064/065

Vacancy Announcement
One of the reputed recruitment manpower agency is seeking for following applicants.
Public Relation Officer (PRO) - 1 (Female)
SALARY Negotiable
Requirements:
★ Educational qualification Bachelor pass.
★ Well knowledge of computer Photoshop & Nepali typing skill.
★ Fluent in both speaking and writing in English.
★ Minimum 3 years experience in the recruitment field.
Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at feservice2011@gmail.com
फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.
लाजिम्पाट- २, गैह्रीधारा, काठमाडौं, नेपाल, श्रम ईजाजत नं. : ६२७/०६३/०६४
Kathmandu: 9803741162, 9828573037, 9851318762,9851318765
E-mail: cv@futuregroup.com.np, web: www.futuregroup.com.np

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२ वैशाख २०८१, आइतबार
14 April 2024, Sunday

## सम्पादकीय

# न्यायमा थप विलम्ब नहोस्

सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगमा पदाधिकारी नियुक्तिको प्रक्रिया अघि बढाएको छ । दुवै आयोगमा अध्यक्ष तथा सदस्य नियुक्त गर्न सिफारिस समिति बनेको छ । समिति अध्यक्षमा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्र छन् । पूर्वन्यायाधीश जगदीश शर्मा पौडेल, पूर्व राजदूत डा. अर्जुनकुमार कार्की, स्टेला तामाङ सदस्य छन् भने राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा आयोगले तोकेका सदस्य सिफारिस समितिमा थप सदस्य हुनेछन् । तर, न्यायको पर्खाइमा रहेकाहरू सरकारको कामबाट सन्तुष्ट देखिएका छैनन् ।

द्वन्द्व प्रभावित, पीडितहरू र सरोकारवालाले संसदमा बिचाराधीन सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक अगाडि बनाउन सरकारको ध्यानाकर्षण गर्दै आएका छन् । सिफारिस समिति बनाउनु अगाडि द्वन्द्वपीडितहरूले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न खोजेका थिए । दुवै नेताले समय नदिएपछि कानुनमन्त्री पदम गिरीलाई भेटेर विधेयक पास गरेर मात्र सिफारिस समिति बनाउन आग्रह गरेका थिए । उनीहरूको आग्रहविपरीत सरकार अगाडि बढेको छ । सरोकारवालाहरूको माग र दबाब एकातिर हुँदा हुँदै सरकारले अर्कोतिर निर्णय लिएको पीडितहरूको दुःखेसो छ ।

९ वर्षदेखि ऐन संशोधन नभएका कारण दुई/दुई वटा आयोग असफल भइसक्यो । प्रमुख तीन दलका तीन नेता कांग्रेस सभापति शेरबहादुर देउवा, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी ओली मिल्ने हो ऐन संशोधन हुनमा समस्या नहुने संसदीय अंकगणित छ । पछिल्लो पटक प्रतिनिधि सभा अन्तर्गतको कानुन न्याय तथा मानवअधिकार समितिले विधेयकका अधिकांश विषयमा सहमति जुटाएको थियो । शीर्ष नेताहरूको केही प्रयासले विधेयक पास हुन सक्थ्यो । सङ्क्रमणकालीन न्यायमा प्रमाणले मात्र काम गर्दैन, विश्वास र सहकार्यको जगमा सफल हुने प्रक्रिया हो । पछिल्लो समय धेरै विषय साँघुरिएको थियो र विश्वासको वातावरण बन्दै थियो । तर सरकारले फेरि ऐन बनाउनेतिर पहल नगरेर आयोग गठनतिर ध्यान दिएको छ ।

सर्वोच्च अदालतले २०७१ सालमै ऐन संशोधन गर्न परमादेश दिएको थियो । ऐन संशोधन नभएका कारण न द्वन्द्व पीडितहरूले आयोगमाथि विश्वास गरे, न आयोगले प्रभावकारी रूपमा काम गर्न गर्न सक्यो । ऐन संशोधन नभई बन्ने आयोगमा सक्षम र राम्रा मानिसहरू जाने सम्भावना कम हुन्छ । अनि आयोगले प्रभावकारी रूपमा काम गर्न पनि सक्दैन । त्यसमाथि अहिले पूर्व प्रधानन्यायाधीश मिश्रकै अध्यक्षतामा सिफारिस समिति बनेकाले कतिपयमा संशय छ । पछिल्लो पटक आयोग गठन गर्दा मिश्र नेतृत्वकै समितिले सिफारिस गरेको थियो । त्यो बेला छनोट प्रक्रिया नियन्त्रित थियो, शीर्ष नेताहरूकै भागवन्डामा पदाधिकारी सिफारिस भएका थिए । यो पटक पनि त्यसो नहोला भन्ने आधार छैन । यस्ता आशंकाहरू सरकारले चिर्न सक्नुपर्छ । सबैको विश्वास लिएर पीडित र प्रभावितलाई न्याय दिनुपर्छ । यो वा त्यो नाममा फेरि पीडितहरूले पाउनुपर्ने न्यायमा बिलम्ब हुन हुन्न ।

## तपाईंको राशिफल

- मेष : जीवनसाथीसँग राम्रो सम्बन्ध राख्नुहोला । धेरै व्यस्तता रहनेछ ।
- वृष : सामाजिक कार्यमा समय खेर जानेछ । नयाँ योजना बन्नेछ ।
- मिथुन : रिसले गर्दा काम खराब हुने योग देखिन्छ । संयमित रहनुहोला ।
- कर्कट : हतारमा फैसला गर्नु हुँदैन । निवेशको लागि राम्रो समय छ ।
- सिंह : वैदेशिक यात्रामा जाने योग छ । व्यक्तिगत काममा सफलता मिल्नेछ ।
- कन्या : धन लेनदेनमा सावधानी राख्नुहोला । स्वास्थ्यमाथि ध्यान दिनुपर्छ ।
- तुला : राजनैतिक सहयोग प्राप्त हुनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ ।
- वृश्चिक : पारिवारिक खर्च धेरै हुनेछ । रोकावटपछि सफलता मिल्नेछ ।
- धनु : भाग्य राम्रो रहनेछ । पारिवारिक जीवन सुखमय रहनेछ ।
- मकर : अनावश्यक खर्च हुने योग छ । विवाद गर्नु हुँदैन ।
- कुम्भ : महत्वपूर्ण भेटघाट हुनेछ । खर्चमाथि नियनत्रण राख्नु होला ।
- मीन : जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । अनावश्यक खर्चको योग छ ।




*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# परराष्ट्रमा महिला : इतिहास र अवसर

*सेवासुविधा र सामाजिक अस्तित्वका दृष्टिले पनि परराष्ट्रमा महिला सहभागिता निकै राम्रो क्षेत्र मानिन्छ । आरक्षणका कारण पनि यसमा महिलालाई राम्रो अवसर छ । यद्यपि, लिङ्गका आधारमा पाइने सहुलियत मात्रै नभई यो संवेदशील क्षेत्र भएकाले महिलाले क्षमता विकासमा विशेष ध्यान भने दिनैपर्छ ।*

अग्रलेख



● टंककला तिमिल्सेना



महिलाको हक, अधिकार र सार्वजनिक पदमा महिला सहभागिताको बहस सधैं सतहमा रहेको मुद्दा हो । अन्तर्राष्ट्रिय जगतमै सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा महिलाको अवस्था र उनीहरूको नेतृत्वदायी सहभागिताको खोजी हुने गर्छ र यो पछिल्ला वर्षहरूमा थप गहनताका साथ हेरिएको पनि छ । राजनीतिक दलहरूले त झन् महिला सहभागिताको मुद्दालाई भोट बटुल्ने एक बलियो अस्त्रकै रूपमा प्रयोग गरिरहेका हुन्छन् । अझ सार्वजनिक पद वा नेतृत्वमा महिला सहभागितालाई ३३ प्रतिशत होइन अब ५० प्रतिशत बनाइनु पर्छ भनी अभियान पनि चलिरहेकै छन् । विश्वका प्रायः देशमा महिलाको जनसंख्याको अनुपातलाई हिसाब गर्ने हो भने यो स्वभाविक र सान्दर्भिक पनि छ । नेपालको हकमा कुरा गर्नुपर्दा, जनसंख्याको अनुपातका दृष्टिले महिला सहभागिता ५० प्रतिशत खोजिनु न्यायिक छ । तर, वर्तमान अवस्था हेर्दा ३३ प्रतिशत सहभागिता नै अपुग छ । यद्यपि, सार्वजनिक पदमा होस् वा नेतृत्व हाँक्ने भूमिकामा महिला सहभागिता बढ्दो क्रममा छ । सुधारको आवश्यकता अझै धेरै भए पनि बढ्दो सहभागिताको ग्राफले सुखद् पक्ष छ भन्न सकिन्छ । राजनीतिक, आर्थिक एवम् सशक्तीकरणका थुप्रै पक्ष रहेका छन् । तर, यहाँ विशेषगरी परराष्ट्र सेवामा महिला सहभागिताको बामेसर्दो अवस्था र यसले जगाएको आशा अनि अवसरका ढोकाहरूको सामान्य विश्लेषणलाई उजागर गर्न कोसिस गरिने छ ।

परराष्ट्र सेवा आफैमा एक चुनौतिपूर्ण कार्यभार हो । राष्ट्र-राष्ट्रबीचको सम्बन्धलाई कूटनीतिकरूपले सन्तुलनमा कायम गर्दै राष्ट्रको स्वार्थसिद्धि गर्नुपर्ने जिम्मेवारीका कारण पनि परराष्ट्र सेवा चुनौतिपूर्ण अनि संवेदनशील छ भन्ने कुराको पुष्टि गर्छ । कूटनीतिक चातुर्यता र अरू राष्ट्रलाई आफ्ना चाहनाअनुसार काम गराउन सक्ने क्षमता परराष्ट्र सेवाका क्रममा चाहिने आधारभूत तत्व हो । परराष्ट्र सेवामा रहेका जोकोहीले यी क्षमतामा दख्खल राख्नै पर्छ । अति संवेदनशील मानिने परराष्ट्र सेवाअन्तर्गतका प्रशासनिक एवम् रणनीतिक कदममा नेपालका महिलाको सहभागिता कस्तो छ त ? यो महत्वपूर्ण विषय भए पनि वर्तमान अवस्थामा यस उपर सूक्ष्म अध्ययन र गहन विश्लेषण भने कमै हुने गरेको खछ ।

### सहभागिताको अवस्था

परराष्ट्र सेवामा महिला सहभागिताको वर्तमान अवस्था नियाल्दा सन्तोषजनक अवस्था छैन । यद्यपि, क्रमिक सुधारका रेखाहरू भने देखिन थालेका छन् । नेपालको पछिल्लो तथ्यांकीय अवस्था नियाल्दा परराष्ट्र सेवामा महिला सहभागिता करिब २१ प्रतिशत छ । अहिले नेपालमा करिब तीन सय जना परराष्ट्र कर्मचारी छन् । एक सचिव, १० उपसचिव, दुई दर्जन अधिकृत र दुई दर्जन नायब सुब्बा तहका कर्मचारी महिला छन् । त्यसो त, केही मिसनमा राजदूतको रिक्तताको अवस्थामा अहिले पनि कार्यवाहक हुने महिला कर्मचारीको संख्या पनि छ ।

### इतिहास

परराष्ट्र सेवामा नेपाली महिलाको चर्चा गर्दा विन्देश्वरी शाहको नाम प्रथम चर्चामा आउने गर्छ । उनी राजदूतका रूपमा जिम्मेवारी वहन गर्ने पहिलो नेपाली महिला हुन् । त्यसैले पनि शाह नेपालको कूटनीतिक इतिहासकी खास ऐतिहासिक व्यक्तित्व हुन् । उनी नेपालको परराष्ट्र इतिहासमा महिला सहभागिताकी बलियो धरोहर हुन् भने नेपाली महिलाका लागि प्रेरणाकी पात्र समेत हुन् । उनले विदेशमा रहेका नेपालका ३३ कूटनीतिक नियोगमा कूटनीतिक सेवा गरेको इतिहास छ । हुनत, नेपालले विसं १९९० यता राजनीतिक नियुक्ति गरी डेढ सय जनाभन्दा बढीलाई राजदूतको जिम्मेवारी दिएको छ । त्यसमध्येमा राजदूतका रूपमा जिम्मेवारी सम्हालेकी शाहको कूटनीतिक दक्षताको अहिले पनि प्रशंसा हुने गर्छ ।

विश्वको नेतृत्व गरिरहेको मुलुक संयुक्त राज्य अमेरिकासमेत उनको चर्चाको बलियो स्थान छ । अमेरिकाको चर्चित कोलम्बिया युनिभर्सिटीअन्तर्गतको बर्नार्ड कलेजको वेबसाइटमा सन् २०१८ मा 'लिगेसी अफ लभ' शीर्षकमा एउटा लेख प्रकाशित थियो । यो लेख सोही कलेजमा अध्ययन गरेकी नेपाली महिला आर्या शाहले लेखेकी हुन् । असाधारण प्रकृतिका महिलाहरू उत्पादन गर्ने विश्वमै चर्चित कलेज हो बर्नार्ड । सन् १९५६ देखि यसै कलेजमा पढ्नु भएको हो विन्देश्वरी शाहले । उनले यही कलेजबाट स्नातक उत्तीर्ण गरिन् । सन् १९५६ मा विन्देश्वरीको नाम थियो, बिन्दा मल्ल । उनले नेपाली जगतका प्रख्यात राजनीतिज्ञ एवम् कूटनीतिज्ञ ऋषिकेश शाहका भाइ डा. नारायणकेशरी शाहसँग बिहे गरिन् । त्यसपछि उनी विन्देश्वरी शाहका नामले चिनिन थालिन् । उनी नेपालको परराष्ट्र मन्त्रालयको सदस्य अर्थात् अधिकृतका रूपमा अमेरिकास्थित नेपाली राजदूतावासमा सरुवा भइन् । बङ्गलादेशले स्वतन्त्रता प्राप्त गरेपछि त्यहाँ नेपालको पहिलो राजदूतावास स्थापना समेत उनकै सक्रियतामा भएको थियो । उनले राजदूतका रूपमा पहिलो पटक काम गरेको भने भारतबाट हो । भारतमा राजदूत नियुक्तिसँगै उनी राजदूतका रूपमा काम गर्ने पहिलो नेपाली महिला बनिन् ।

### प्रेरणादायी कीर्तिमानी

विन्देश्वरी शाहले 'लाइब्रेरी साइन्स' अध्ययन गरेर पहिलो महिला लाइब्रेरियनको रेकर्ड बनाएकी थिइन् । त्यसपछि परराष्ट्र सेवामा प्रवेश गरेदेखि उनको अन्य कीर्तिमानी रहेका छन् । उनले परराष्ट्र सेवामा प्रवेशपछि परराष्ट्र मन्त्रालयकी पहिलो महिला अधिकृतमा उत्तीर्ण हुने रेकर्ड समेत दर्ज गरिन् ।

*नेपालको हकमा कुरा गर्नुपर्दा, जनसंख्याको अनुपातका दृष्टिले महिला सहभागिता ५० प्रतिशत खोजिनु न्यायिक छ । तर, वर्तमान अवस्था हेर्दा ३३ प्रतिशत सहभागिता नै अपुग छ । यद्यपि, सार्वजनिक पदमा होस् वा नेतृत्व हाँक्ने भूमिकामा महिला सहभागिता बढ्दो क्रममा छ । सुधारको आवश्यकता अझै धेरै भए पनि बढ्दो सहभागिताको ग्राफले सुखद् पक्ष छ भन्न सकिन्छ ।*

राजनीतिक इतिहाससँग परराष्ट्रको इतिहास जोडिएर आउँछ । त्यसैले उनका अन्य रेकर्ड राजनीतिक उतारचढावका बीचमा रहे । उनी परराष्ट्र सेवामा प्रवेश गरेको केही समयपछि २०१७ सालमा वीपी कोइराला नेतृत्वको पहिलो जननिर्वाचित सरकार तत्कालीन राजा महेन्द्र वीर विक्रम शाहले अपदस्थ गरे । प्रधानमन्त्री भएका वीपीलाई अपदस्थ गरी वीपीकै दाजु मातृकाप्रसाद कोइरालालाई राजा महेन्द्रले नेपालका लागि अमेरिकी राजदूतका रूपमा जिम्मेवारी दिए । त्यसको केही दिनमै सेकेन्ड सेक्रेटरीका रूपमा विन्देश्वरीको सरूवा वासिङ्टनस्थित नेपाली राजदूतावासमा गरियो । मातृकाप्रसाद दुई वर्षपछि राजीनामा दिई नेपाल फर्किए । त्यसपछि जनरल पदमबहादुर खत्रीलाई राजदूत बनाइयो । यसैबीचमा विन्देश्वरीले परराष्ट्र सेवामा अर्को कीर्तिमानी बनाइन् । मातृकाप्रसादको फिर्ती र जनरल पदमबहादुरले जिम्मेवारी सम्हाल्न अमेरिका पुग्नुअघि कार्यवाहक राजदूतको जिम्मेवारी विन्देश्वरीले जिम्मेवारी सम्हालेकी थिइन् । द्वितीय सचिवका रूपमा अमेरिका पोस्टिङ गरिनु भएकी विन्देश्वरी शाहलाई त्यहीँ रहँदै प्रथम सचिवमा बढुवा गरिएको थियो । विन्देश्वरीले परराष्ट्र मन्त्रालयको अधिकृत रहँदा पाएको अर्को जिम्मेवारी हो, 'नेसनल कमिसन अन दि स्टाटस अफ वुमन' को सदस्य सचिवको जिम्मेवारी । संयुक्त राष्ट्रसंघको निर्णयअनुसार नेपालले आयोग गठन गरेको थियो । परराष्ट्रका ज्ञाताहरूले यस आयोगलाई नेपालको पहिलो महिला आयोगका रूपमा अर्थ्याउने गर्छन् । यो आयोगको संरक्षक तत्कालीन बडामहारानी रत्न थिइन् । साथै, अध्यक्ष परराष्ट्रमन्त्री समेत रहेकी मन्त्रिपरिषद्का उपाध्यक्ष कीर्तिनिधि विष्ट थिए । बडामहारानी र मन्त्रिपरिषद्का उपाध्यक्ष रहेको आयोगमा विन्देश्वरी सदस्य सचिवको जिम्मेवारीमा रहेकी थिइन् । यो नेपाली महिलाका लागि परराष्ट्र सेवामा प्रेरणाको गर्विलो इतिहास हो ।

अर्को कीर्तिमानी, विन्देश्वरी अमेरिकाबाट नेपाल फर्केको करिब पाँच वर्ष भएको थियो । त्यस समय पूर्वी पाकिस्तान (बंगलादेश) ले पाकिस्तानबाट स्वतन्त्रता प्राप्त गर्‍यो । यो स्वतन्त्रताअघि ढाका-बंगलादेश) मा नेपालको महावाणिज्यदूतावास थियो । स्वतन्त्रतापछि नेपालले बंगलादेशमा राजदूतावास स्थापना गर्ने तयारी गर्‍यो । यो जिम्मेवारी विन्देश्वरीले पाइन् । उनले त्यहाँ कार्यवाहक राजदूतका रूपमा चार वर्ष काम गरिन् । बंगलादेशमा कार्यवाहक राजदूतको जिम्मेवारीमा रहँदा उनको परराष्ट्र मन्त्रालयको उपसचिवमा बढुवा भइसकेको थियो । त्यसपछि केही समय नेपालमै मन्त्रालयको जिम्मेवारीमा रहिन् । त्यसपछि परराष्ट्र मन्त्रालयको सहसचिवमा बढुवा भइन् ।

### राजदूतका रूपमा पहिलो महिलातर्फको यात्रा

विन्देश्वरी शाहले परराष्ट्र मन्त्रालयको उपसचिव र सहसचिवका रूपमा करिब १२ वर्ष काम गरिन् । अनि, २०४४ साल चैत्र महिना नेपाली महिलाका लागि एक इतिहास रचिन् । नेपाल सरकारले उनलाई नेपालका लागि भारतीय राजदूत बनाउने निर्णय २०४४ साल कार्तिक (१६ देखि १८ गते) मा काठमाडौंमा सम्पन्न तेस्रो सार्क सम्मेलनअघि नै गरेको थियो । तर, सार्क सम्मेलनको तयारीमा उनको भूमिका महत्वपूर्ण रहेकाले उनी काठमाडौंमै रहिन् । त्यसपछि २०४४ चैतमा उनले भारतका लागि नेपाली राजदूतको कार्यभार सम्हालिन् । विन्देश्वरीले राजदूतको कार्यभार सम्हालेको केही महिना मात्रै भएको थियो । त्यसबेला नेपाल-भारतको सम्बन्धमा चिसोपन आयो । नेपाल-भारत सम्बन्धमा तिक्तता आएको त्यस समय भारतले तिक्ततालाई कूटनीतिक अस्त्रको प्रयोग गरी नेपालमाथि रिसिवी साँध्यो । नेपाल-भारतबीचको पारवहन सन्धिको अवधि सकिएको विषयलाई आधार बनाउँदै भारतले नेपालमाथि नाकाबन्दी नै गर्‍यो । यसै समय पञ्चायत सरकारविरूद्ध नेपालमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले संयुक्त रूपमा संघर्ष थाले । फलस्वरूप पञ्चायती व्यवस्थाको अन्त्य भयो, बहुदलीय प्रजातन्त्र व्यवस्था पुनःस्थापित भयो । आन्तरिक राजनीतिक उथलपुथलकै कारण विन्देश्वरीको राजदूतका रूपमा चार वर्षे कार्यकालले पूर्णता पाएन र उनलाई फिर्ता बोलाइएको थियो ।

राजदूत बन्न जाँदा उनी परराष्ट्र मन्त्रालयको सहसचिव थिइन् । त्यही रहँदा उनको बढुवा भएर उनी परराष्ट्र मन्त्रालयकी अतिरिक्त सचिव बनिसकेकी थिइन् । राजदूतबाट फिर्ता भएपछि उनी मन्त्रालयमै अतिरिक्त सचिवका रूपमा करिब एक वर्ष रहिन् । २०४८ वैशाख २९ गते आम निर्वाचन भयो । गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको सरकार बन्यो । नयाँ सरकार गठन भएलगत्तै त्यस सरकारले ३० वर्षे उमेर हदसम्बन्धी व्यवस्था लागू गर्‍यो । सोही व्यवस्थाका कारण विन्देश्वरी शाहले परराष्ट्र मन्त्रालयको अतिरिक्त सचिवबाट नै अवकाश पाइन् । यदि ३० वर्षे उमेर हद लागू हुँदैनथ्यो भने विन्देश्वरी शाहले परराष्ट्र मन्त्रालयमा सचिवको जिम्मेवारी सम्हाल्ने पहिलो महिलाको रूपमा पनि कीर्तिमानी बनाउने सम्भावना थियो भनी अहिले पनि समीक्षा गर्ने गरिन्छ ।

### सेवा लम्सालको आगमन

२०४८ सालमा कूटनीतिज्ञ विन्देश्वरी शाहले रच्न चुकेको परराष्ट्र सचिवका रूपमा पहिलो नेपाली महिलाको कीर्तिमानी २०८० साल मंसिरमा सेवा लम्सालले रचेकी छिन् । भोजपुर स्थायी ठेगाना रहेकी सेवा लम्साल नेपालको २५औं परराष्ट्रसचिव हुन् । त्यसअघि उनी पाकिस्तानका लागि नेपाली राजदूत थिइन् । २०६७ मा परराष्ट्रको उपसचिवमा नाम निकालेकी उनले नर्वेजियन युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीबाट एमफिल तथा त्रिभुवन विश्वविद्यालयबाट एमपिए गरेकी छिन् । उपसचिव भएको एक वर्षमा उनी सहसचिव भएकी थिइन् । २०८० मंसिर २८ गते उनी सचिव बन्न सफल भइन् ।

### परराष्ट्र सेवामा लुइँटेलको नाम

२०७१ सालमा अम्बिका लुइँटेल फ्रान्सका लागि नेपाली राजदूतको जिम्मेवारीमा नियुक्त भइन् । २०४३ सालमा परराष्ट्रमा अधिकृतका रूपमा प्रवेश गरेकी उनले सेवा प्रवेशको करिब २८ वर्षपछि राजदूत बन्ने अवसर पाइन् । स्मरण गर्नुपर्ने कुरा के छ भने राजदूत बन्ने पहिलो नेपाली महिला बनेकी विन्देश्वरी शाहले २०१६ सालमा खुल्ला प्रतिस्पर्धाबाट शाखा अधिकृतका रूपमा परराष्ट्र प्रवेश गरेकी थिइन् । उनलाई राजदूत बन्न समेत करिब २८ वर्ष लागेको थियो । इजरायलमाथि हमास समूहको आक्रमणका समय नेपालका लागि इजरायली राजदूत रहेकी कान्ता रिजाल पनि नेपाली महिलाका लागि प्रेरणाकी पात्र हुन् ।

### स्वर्णिम वर्ष २०६७

समग्रमा परराष्ट्र सेवामा महिला सहभागिताको ग्राफ २०६७ सालदेखि बढ्दो गतिमा देखिन्छ । २०६७ सालमा परराष्ट्र सेवामा २८ जना प्रवेश गरेका थिए, जहाँ १४ जना महिला थिए । तिनै महिला अहिले सचिव र उपसचिवका रूपमा कार्यरत छन् । यस्तै, कोही सहसचिवको लाइनमा देखिन्छन् । यसमध्ये अधिकांशले मिसन प्रमुखका रूपमा कार्यवाहक जिम्मेवारी निर्वाह गरिसकेका छन् । निजामती सेवामा २०६४ सालमा ४५ प्रतिशत आरक्षणको व्यवस्था गरियो । यस व्यवस्थाले निजामती सेवामा महिलाको प्रवेश बढ्न थालेको देखिन्छ । यद्यपि, त्यस समय महिलालाई परराष्ट्रमा प्रवेश हुन तीन वर्ष लागेको थियो । सोही कारण तीन वर्षपछि एकैचोटि परराष्ट्र सेवामा १४ जना महिला अधिकृतको प्रवेश भयो । सेवासुविधा र सामाजिक अस्तित्वका दृष्टिले पनि परराष्ट्रमा महिला सहभागिता निकै राम्रो क्षेत्र मानिन्छ । आरक्षणका कारण पनि यसमा महिलालाई राम्रो अवसर छ । यद्यपि, लिङ्गका आधारमा पाइने सहुलियत मात्रै नभई यो संवेदशील क्षेत्र भएकाले महिलाले क्षमता विकासमा विशेष ध्यान भने दिनैपर्छ ।

## सामाजिक सञ्जाल



**- डा. सुन्दरी पोखरेल**

संसदीय छानबिनले आकाश खस्दैन । छानबिन समिति बनाइएमा रविले मात्र राजीनामा दिए पुग्छ, सिंगो रास्वपाले सरकार छाड्न पर्दैन । म गृहमन्त्री पदमा नरहने हो भने पार्टी पनि मसँगै सती जानुपर्छ भन्ने विचार रविले राख्न हुँदैन । कि कसो ?



**- मानवी पौडेल**

संसदमा बोल्ने प्रायका एजेण्डा रवी लामिछाने र रास्वपा हुन थाले । यसो गरौं निर्वाचन आयोगको कार्यक्षेत्र बढाएर त्यहाँका आयुक्तहरूले चाहेको खण्डमा राजनैतिक दल बन्द गर्दिन पाउने नियम ल्याऔं । आयुक्तहरू ठूला दलकै कोटाबाट नियुक्त भएका छँदैछन् । रास्वपा पार्टी बन्द गर्दिम, त्यति भएसी अन्य दलहरू बल्ल जनताका एजेण्डामा बोल्न सुरू गर्छन् कि ?



**- डम्मर खतिवडा**

'सहकारी ठगी' जस्तो प्रष्ट बुझिने वित्तीय अपराधमा समेत यति धेरै राजनीतिक ध्रुवीकरण हुने देशले दुख नपाए कसले पाउँछ ? गरिखाने इमानी मान्छे अन्यत्र अवसर पाएसम्म यो देशमा किन बस्छन् ? ओरालो लागेको राष्ट्रको उत्थान पतनको पराकाष्ठाबाट शुरू हुन्छ । हाम्रो चेत फिर्न अझ धेरै दुःख जरूरी छ ।



**- विष्णु ढकाल**

हामी सामान्य मानिसलाई थाहा हुँदैन किन भन्ने कुरा गुप्तचर शब्दले नै उजागर गर्छ । एउटा विधा हेर्ने जिम्मेवारी पाएका विदेशी मालिकका प्यादाहरू यत्रतत्र छन् हाम्रै भाषाभेसमा । अन्टसन्ट बोल्नु, मालिकविरूद्ध अनुमति लिएर नारा लगाउनु विरोधी देखिनु पनि जिम्मेवारी भएकोले हामी झुक्किन्छौ सधैं ।

# क्रान्तिकारी आन्दोलनका समस्याहरू

विचार



● लेखराज रेग्मी

नेपाली क्रान्तिकारी आन्दोलनमा एउटा वर्ग सधैं अग्रमोर्चामा रहने गरेको छ । सोही वर्गको एउटा हिस्सा पक्षधरतामा त देखिन्छ तर, सधैं सर्वनाशको मनोभ्रान्तिबाट पीडित पनि रहन्छ । यो दोस्रो हिस्सा नेकपा गठनपछि अत्यन्त बेगवान ढंगले संगठित भयो र प्रतिबन्धसँगै किनारामा बसेर सिट्ठी बजाउने उक्साउने तर, आफू भने संगठित आन्दोलनमा प्रवेश नगर्ने ठाउँमा रह्यो । महाधिवेशनहरूमा पुष्पलाल श्रेष्ठलाई कमजोर पार्ने पक्षमा यसको ठूलो योगदान छ । यसै वर्गको अर्को एउटा हिस्सा सधैं पुष्पलालको पक्षमा रह्यो । जीविका जुटाउने समस्याका कारण एकाध व्यक्तिहरू बाहेक नेतृत्व तहसम्म नपुगे पनि २००८/००९ सालतिर चलेका किसान आन्दोलनमा आधारभूत वर्गसम्म पहुँच बनाउन ठूलो योगदान गर्‍यो । यो वर्ग शहरिया बुद्धिजीबी तथा ग्रामिण मध्यम किसानको तप्का नै हो । यसको एउटा हिस्सा सधैं शान्त वातावरणमा क्रान्तिकारी बन्ने र उथलपुथल हुँदा सर्वनाश देख्ने रोगलाई आलोचनात्मक चेत बुझ्ने गर्छ ।

अर्को हिस्सा शान्त वातावरणमा प्रायः मौन रहन्छ र आफ्नो इलमपातमा बढी केन्द्रित हुन्छ तर, जब आन्दोलनको आँधिबेरी आउन थाल्छ, अप्रत्यासित ढंगले आन्दोलनमा कुद्छ, कतिपय स्थितिमा अराजक पनि बनिदिन्छ । यिनै एउटै वर्गका दुई हिस्सा चरित्र र भूमिकामा नेपाली आन्दोलनको उतार-चढाव भरपर्ने गरेको छ । यही वर्ग नै नेपाली राजनीतिको चुनावी वा सडक संघर्षमा परिणाम प्रभावित गर्ने हैसियत राख्छ । माओले यसलाई निम्नपुँजीपति वर्ग भनेर परिभाषित गरेका छन् । नरोदवादीहरूबारे आफ्नो उग्रवादी कम्युनिज्म एक बाल व्याधीमा लेनिनले पनि यही वर्ग खासगरी शहरी निम्नपुँजीपति वर्गको चर्चा गरेका छन् ।

रूस र चीनलगायत युरोपेली देशहरूमा मजदुरहरूको संगठनको रूपमा कम्युनिष्ट पार्टीलाई लिइएको छ । तर, दक्षिण एसियामा खासगरी नेपालमा कम्युनिष्ट पार्टीको आधारभूत वर्गमा शहरिया निम्नपुँजीवादी बुद्धिजीवि वर्ग र कार्यकर्ता स्रोत रहने गरेको छ । वर्ग संघर्षको अभ्यास ग्रामिण मध्यम किसानको संलग्नता र एकहदसम्म स्थानीय नेतृत्वमा चल्ने गरेको छ । तर, हामी यो तथ्यलाई नजर अन्दाज गर्छौं र नेपाली क्रान्तिको स्वरूप या त कृषि क्रान्ति नै हो भन्ने मान्यतालाई जब्बर पक्रन्छौं वा निम्नपुँजीपति वर्गलाई नै सर्वहारा अग्रदस्ताको ट्याग लगाइदिन्छौं । धेरै गोलमालको कारण यहीँबाट सुरू हुन्छ र यहीं आएर समापन हुने गर्छ ।

सर्वहारा अग्रदस्ताको रूपमा औद्योगिक मजदुरसँगै, असंगठित क्षेत्रका मजदुर शहरी बेरोजगार कृषि श्रमिकहरूको पार्टी बन्नु आवश्यक छ । एउटा भनाई छ- मजदुर वर्गमा चेतना बाहिरबाट पुग्छ । योसँगै जोडिएर आउने अर्को कुरा पनि छ- सर्वहारा वर्ग चरित्रमा रूपान्तरणको अभावमा सचेत अग्रदस्ता पनि कम्युनिष्ट पार्टी बन्न बनाउन असक्षम हुने गर्छ । सर्वहारा वर्ग र कम्युनिष्ट चेतनाको योगमा मात्र रूपान्तरणकारी आन्दोलनहरू सम्भव हुन्छन् ।

नेपाली कम्युनिष्ट आन्दोलनको अनुभव चेतना, जनमत र उर्जाको आधारमा अग्रणी स्थितिमा रहनुका बावजुद निर्णायक बन्न नसक्नुको चुरो कारण यता पनि खोज्ने कि ? सायद यसपछि मात्रै दिशा नीति र संश्रय तथा संयोजन पनि बन्ने बढ्ने होला कि ?

# सिड्नीको सपिङ सेन्टरमा चक्कु आक्रमण, ६ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** सिड्नीको एउटा व्यस्त सपिङ सेन्टरमा चक्कु बोकेको एक हमलाकारीले आक्रमण गर्दा नौ महिनाको शिशुसहित छ जनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन् ।

अज्ञात हमलाकारीले धेरै मानिसमाथि छुरा प्रहार गरेको र उसलाई पत्ता लगाएर एक महिला प्रहरीले गोली हानी उसको हत्या गरेको अस्ट्रेलियाली प्रहरीले बताएको छ। ती महिलालाई राष्ट्रिय नायकका रूपमा प्रशंसा गरिएको छ ।

घटना विशाल वेस्टफिल्ड बन्डी जंक्सन मल परिसरमा भएको थियो । उक्त मल शनिबार दिउँसो हजारौं खरिदकर्ताहरूको भीडले भरिएको थियो । न्यु साउथ वेल्सका प्रहरी आयुक्त क्यारेन वेबले पाँच महिला र एक पुरुषको मृत्यु भएको जानकारी दिए । उनका अनुसार एक बालकको आपत्कालीन



शल्यक्रिया भइरहेको थियो ।

प्रहरीले हमलाकारी ४० वर्षीय व्यक्ति रहेको बताएको छ । यद्यपि अहिलेसम्म उसको औपचारिकरूपमा पहिचान गर्न सकिएको छैन । हमला आतंकवादी कार्य थियो भन्ने कुरालाई वेबले अस्वीकार गर्दै हमलाकारी एक्लैले यस्तो कार्य गरेको मान्न सकिने बताए । 'यदि यो हामीले विश्वास गर्ने व्यक्ति हो भने यो आतंकवादी घटना होइन,' उनले भने ।

न्यु साउथ वेल्स एम्बुलेन्सका प्रवक्ताले आठ घाइतेलाई सिड्नीका विभिन्न अस्पतालमा पुऱ्याइएको जानकारी दिए । तीमध्ये एक बालकलाई सहरको बाल अस्पतालमा लगिएको थियो । प्रवक्ताले भने, 'सबैलाई गम्भीर चोट लागेको छ ।'

सुरक्षा क्यामेराको फुटेजमा अस्ट्रेलियाली रग्बी लिगको जर्सी लगाएका एक व्यक्तिलाई चक्कु लिएर सपिङ सेन्टरको चारैतिर दौडिरहेको देखाइएको छ। रगतले लतपतिएका घाइतेहरू भुइँमा लडिरहेका थिए ।

प्रत्यक्षदर्शीहरूले आतंकको दृश्य वर्णन गरेका छन् । उनीहरूका अनुसार पसलहरू सुरक्षाका लागि दौडिरहेका थिए भने प्रहरीले उक्त क्षेत्रलाई सुरक्षित पार्ने प्रयास गरिरहेको थियो । केही मानिसले स्वयंलाई र आफ्ना परिवारलाई डरलाग्दो अपरिचितबाट बचाउन पसलहरूमा शरण लिइरहेका थिए ।

# आवास संकट समाधान गर्ने योजनामा क्यानडा

**काठमाडौं/एजेन्सी–** क्यानडा सरकारले राष्ट्रिय आवास संकट समाधान गर्न आफ्नो नयाँ दृष्टिकोणसहितको योजनाको घोषणा गरेको छ। यस योजनाले क्यानडा 'मोर्टगेज एण्ड हाउजिङ कर्पोरेसन' को प्रक्षेपणमा सन् २०३१ सम्ममा ३८ लाख ७० घरहरू आवासका लागि तयार गर्ने महत्वाकांक्षी रणनीति तय गरेको छ । यो योजनामा २० लाख नयाँ घर निर्माण गर्ने लक्ष्य समावेश छ ।

सरकारले सन् २०२३ र सन् २०२४ मा लिइएको उद्देश्य अनुप १२ लाख नयाँ घरहरू निर्माणमा सहयोग गर्ने र सन् २०३१ सम्ममा कम्तिमा आठ लाख थप घरहरू निर्माण गर्ने प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। नयाँ योजनाअनुसार आवासलाई किफायती बनाउने प्रतिबद्धता गरिएको छ । यसले कुनै पनि कडा परिश्रम गर्ने क्यानडालीले आफ्नो आम्दानीको ३० प्रतिशतभन्दा बढी आवास खर्चमा खर्च गर्नुपर्दैन ।

# जापानको हरितगृह ग्यास उत्सर्जनमा कमी

**काठमाडौं/एजेन्सी–** जापानमा आर्थिक वर्ष सन् २०२२ मा हरितगृह ग्यास उत्सर्जनमा कमी आएको सरकारी तथ्यांकले देखाएको छ । यहाँको कार्वनडाइअक्साइड उत्सर्जनमा अपेक्षित कमी आएको अर्थात् एक हजार १३५ मिलियन टनको न्यून रेकर्डमा झरेको बताइएको छ। पर्यावरण मन्त्रालयले सन् १९९० मा यससम्बन्धी तथ्यांक संकलन शुरु गरिएदेखि मार्च सन् २०२३ सम्मको एक वर्षको अवधिमा पहिलो पटक उत्सर्जनमा न्यूनता देखिएको हो। आर्थिक वर्ष २०२१ को तुलनामा यो उत्सर्जन मात्रा २.५ प्रतिशत वा २८.६ मिलियन टनले घटेको तथ्यांकमा उल्लेख छ । मन्त्रालयले कोभिड-१९ महामारीका कारण संकटग्रस्त अर्थतन्त्रमा सुधारका लागि बढाइएका औद्योगिक गतिविधिका कारण आर्थिक वर्ष सन् २०२१ मा उत्सर्जन बढेको थियो तर हरित गृह उत्सर्जन नियन्त्रणका लागि निरन्तरको प्रयासपछि यसमा गिरावट आएको हो। व्यावसायिक र अन्य व्यापारिक प्रतिष्ठानहरूमा उत्सर्जनमा ४.७ प्रतिशतको गिरावटसँगै १७९ मिलियन टनमा झरेको र गत वर्षको तुलनामा उच्च तापक्रमबीचमा कम मागको कारण घरपरिवारबाट हुने उत्सर्जनमा १.४ प्रतिशतले कमी आई १५८ मिलियन टनमा झरेको देखिएको छ।

## सडक पूर्वाधार विकास कार्यालय
### दाङ

**बोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८१/०१/०२)**

यस कार्यालयको NCB सूचना नं. 07/080/081 तथा SQ सूचना नं. 03/080/081 बमोजिम कार्यालयमा पेश हुन आएका बोलपत्र एवं शिलबन्दी दरभाउपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता र सिलबन्दी दरभाउपत्रदाताहरुको कबोल अङ्कसहितको विवरण सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ उपदफा (४०) को प्रयोजनार्थ यस कार्यालयको वेबसाइट www.ridodang.gov.np मा राखिएको ब्यहोरा सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## पर्सागढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

**सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/०१/०२)**

पर्सागढी नगरपालिका तथा अन्तर्गत रहेको बागेश्वरी प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य संस्थाको लागि तपसिल बमोजिमका स्वास्थ्य सेवाका पद अन्य कुनै प्रकृयाबाट स्थायी पदपूर्ती नभएसम्मका लागि सेवा करारमा नियुक्त गरि खटाउन आवश्यक भएकोले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिकाको कार्यालयमा उम्मेद्वार स्वयं उपस्थित भई दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

विस्तृत जानकारीको लागि कार्यालयको वेबसाइट www.parsagadhimun.gov.np उपलब्ध छ ।

**तपिसिलः–**

| क्र.सं. | विज्ञापन नं. | पद | समूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| 1. | 01/2080/81 | मेडिकल अधिकृत (आठौं तह) | जनरल हेल्थ सर्भिसेज | १ (एक) | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
 क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट :द्यद्यक वा सो सरहको उपाधी प्राप्त गरेको ।
 ख. सम्बन्धित विषयमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको ।
 ग. नेपाली नागरिकता प्राप्त गरेको ।
२. **दरखास्त दिने स्थानः** पर्सागढी नगरपालिकाको कार्यालय, हरपुर, पर्सा ।
३. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०१/१६ गतेसम्म ।
४. **आवेदन दस्तुरः** रु. १०००/-(एक हजार मात्र)
५. **छनौट किसिमः** अन्तरवार्ता
६. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरुः
 क. नेपाली नागरिकता
 ख. न्यूनतम शैक्षिक योग्यताको तथ्याङ्क पत्र र सम्बन्धि काउन्सिलमा दर्ता भएको प्रमाण पत्र
 ग. चारित्रिक प्रमाणपत्र
 घ. कामसँग सम्बन्धित भए सो को कागजात
 ङ. तालिमको प्रमाणपत्र
 च. ३ प्रति पासपोर्ट साइजको फोटो
७. **सेवा सुविधाः** नेपाल सरकारको नियमानुसार
८. आवेदनको ढाँचा पदपूर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ, सो ढाँचा यस नगरपालिकाको वेबसाइटबाट पनि प्राप्त गर्न सकिने छ ।
 थप जानकारीको लागि मो. नं. 9855049028 मा सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids
## Gramthan Rural Municipality

**Date of publication: 2081/01/02**

1. Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.

| S.N. | Contract ID/IFB No. | Description | Estimated Amount (without VAT) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GramthanRural/ncb/ Works/16-080/81 | Ram janaki paryatan purwadhar ward no 1 | 69,99,596.44 | 3000 | 170,000 | |

## पुर्वाधार विकास कार्यालय
बिरगंज, पर्सा
मधेश प्रदेश, नेपाल

**पुर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

सडक हामी सबैको साझा सम्पति हो। यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ। सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले :**

❖ सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
❖ सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
❖ भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं ।
❖ सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
❖ निर्माण तथा व्यापारिक सामग्रीहरू सडक तथा फुटपाथमा नराखौं ।
❖ विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौ र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौ साथै कार्य सकिएपछि नाली सफा गरौं ।
❖ सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
❖ बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरू अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं।
❖ सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौ ।
❖ सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
❖ ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरू सडकपेटीमा नथुपारौं ।
❖ घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं । निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
❖ सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
❖ सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं । सडक, बाटो तपाई हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
❖ सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
❖ सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
❖ दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
❖ प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
❖ दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
❖ आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
❖ विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

## मेलम्ची नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

**बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना ।**

**प्रकाशित मितिः २०८१/०१/०२**

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कार्यसम्पादन जमानत रकम रु. |
|---|---|---|---|---|
| 1 | MMSI/GOODS/LAB/ NCB/2080-81/01 | (The Procurement of Supply, Delivery & Installation of Engineering LAB Equipments) | International Science Trading Concern, Lahan-3, Siraha | नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकको मान्यता प्राप्त बैंकबाट १३ महिनाको अवधि भएको रु ४,७५,०००।- बराबरको कार्यसम्पादन जमानत |

## Invitation for Bids

Melamchi Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedures.

| S. N. | Name of the Project/ Contract Identification No. | Estimate Amount (Excluding Vat And PS ) | Bid Security Amount NRs. | Price of Bid Document NRs. | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Livestock Medicine (MMSI/GOODS/ MEDICINE/NCB/2080-81/04) | | NRs. 40,000/- | NRs. 3000.00 | 2081/01/16, 12:00 Hrs. | 2081/01/16, 13:00 Hrs |

1). Eligible Bidders may obtain further information from the Office of the Municipal Executive,Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089,Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.

2) Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost mentioned above of bidding document in the Project's Rajaswa (revenue) account and bid security fee Dharauti(Deposit) as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.

**प्रमुख प्रशासकीय अधिकृत**

## रोमानियामा रोजगारको अवसर
कम्पनीः LUMO HR SRL
शहर : Romania, SIBIU

पूर्व स्वीकृत मितिः २०७९/११/१० चलानी नं.: ६०१९७०४६ LT. No.: 281379 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ८६३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Helper | 14 | 5 | | 550 | ७३०४० | | | | | | | |
| 3. | Waiter | 5 | 0 | | 550 | ७३०४० | | | | | | | |
| 4. | Bartender | 5 | 0 | | 550 | ७३०४० | | | | | | | |
| 5. | Construction Worker | 20 | 0 | | 650 | ८६३२० | | | | | | | |
| 6. | General Worker | 12 | 7 | | 550 | ७३०४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १४, १५ र १६ गते (26 , 27 & 28 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचल

KASKI OVERSEAS Pvt.Ltd
Govt. Lic. No. 1091/073/074
**कास्की ओभरसिज प्रा. लि.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-4587733
Mobile: 9865822499, 9842937392, 9843524241, 9818410669.
Email: kaskioverseasnepal@gmail.com

# बक्स अफिस समाचार

## कतारमा वसन्त र अस्मिताले मच्चाए धमाका

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १ वैशाख



नेपालीहरूको नयाँ वर्ष तथा इस्लाम धर्मावलम्बीहरूको महान पर्व इद उल फित्रको अवसरमा कतारमा आयोजना गरिएको सांगीतिक कार्यक्रममा चर्चित लोक तथा दोहोरी गायिका अस्मिता डल्लाकोटी र गायक वसन्त विश्वकर्माले धमाका मच्चाएका छन् । तनहुँ सेवा समाज कतारले 'बहुउद्देश्यीय अक्षय कोषको सहयोगार्थ' आयोजना गरेको बृहत् सांस्कृतिक कार्यक्रममा उनीहरूसहित स्थानीय कलाकारले धमाका मच्चाएका हुन् ।

कार्यक्रमको उत्तरार्धमा स्टेज चढेका गायक वसन्तले आफ्नो वैदेशिक सांगीतिक यात्रालाई स्मरण गर्दै कतारमा सबैभन्दा धेरै दर्शक पाएको बताए । उनले आफूलाई यस्तो ऐतिहासिक कार्यक्रममा सहभागी हुने अवसर जुराइदिएकोमा आयोजकलाई धन्यवाद दिँदै प्रस्तुति दिन शुरु गरेका थिए । उनले आफ्नो बिहीबार मात्र सार्वजनिक भएको नयाँ गीत 'रेलै घुमेर' गाए । उनका चर्चित गीत साइँली, रेलिमै, झुमालगायत करिब एक दर्जन गीतमा सबै नाचे । स्टेजमा पुगेर दर्शकले उनलाई 'श्रीफूल' लगाएर सम्मान व्यक्त गरेका थिए ।

कार्यक्रमको अन्त्यमा कसम तिमी हौ दिलमा बसेको गीत गुनगुनाउँदै स्टेज चढेकी गायिका डल्लाकोटीले दर्शकहरूलाई नचाउन कुनै कसुर बाँकी राखिनन् । उनले कलधारा पानीको, बागलुङ पञ्चकोटलगायत आधा दर्जन गीत प्रस्तुत गरिन् । निरु श्रेष्ठ, सुनिता शेर्पा, सुनिल तामाङ, जीवन खालिङ राई, जिया हमाल कोरियोग्राफरद्वय तथा डान्सर कमल विक्रम सुनुवार र सृष्टि श्रेष्ठ 'सिम्रन'ले सामूहिक स्वागत नृत्य प्रस्तुत गर्दै सांगीतिक कार्यक्रमको ढोका खोलेका थिए । कतारमा रहेका थुप्रै कलाकारहरूले सांगीतिक प्रस्तुति दिएका थिए ।

बिहीबार दोहाको नज्मास्थित होटल होलिडे इनको हलमा समाजका अध्यक्ष पदम गिरीको अध्यक्षता तथा नेपाली राजदूतावास कतारका प्रथम सचिव कृष्ण कुमार सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुवेदीले तनहुँ जिल्लाको खुलेर प्रशंसा गरेका थिए । उनले तनहुँ जिल्लालाई आदिकवि भानुभक्त आचार्यसँग जोड्दै नेपाली भाषा साहित्य, कला र संस्कृतिको उद्गम स्थान भएको बताए ।

समाजका उपाध्यक्ष मीनराज वाग्लेले स्वागत मन्तव्य राखेको कार्यक्रममा तनहुँ जिल्लाको चिनारीको रूपमा रहेको कौरा (चुड्का) गीत थप आकर्षणको केन्द्रका रूपमा रहेको थियो । समाजका महासचिव सन्तोष रेग्मीले सहजीकरण गरेको कार्यक्रमको अन्तमा कार्यक्रम सम्पन्न सहयोग गर्ने विभिन्न संघ संस्था, मिडिया पार्टनर तथा पत्रकारहरूलाई सम्मान गर्दै मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा सांगीतिक प्रस्तुति दिने सम्पूर्ण कलाकारहरूलाई पारिश्रमिकसहित सम्मान गरिएको थियो ।

सांगीतिक कार्यक्रमको समापन पूर्व नेपालबाट आमन्त्रित कलाकारहरूले राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कतारका कलाकारहरूसँग जोडदार लाइभ दोहोरी गाएका थिए । कार्यक्रमको समापन गर्दै अध्यक्ष गिरीले संस्थाको निमन्त्रणालाई स्वीकार गरी कार्यक्रम सफल बनाउन उपस्थित हुने सबैमा आभार व्यक्त गरेका थिए । (कतारबाट दर्शन सुनारको सहयोगमा)

## ओटिटीमा आयो 'यौटा सपनाको अवसान'

**काठमाडौं/मस–** २०७९ चैत १० गतेदेखि २०८० वैशाख १३ गतेसम्म मण्डला नाटक घरमा मञ्चन भएको नाटक 'यौटा सपनाको अवसान' नयाँ वर्षको अवसर पारेर शनिबारदेखि वेब सिरिजको रुपमा प्रिमियर भएको छ । महिना दिनसम्म हाउसफुल रहेको नाटक कान्तिपुर सिनेमाजमा प्रसारण भएको हो ।

निर्माण कम्पनी गोविन प्रोडक्सन र पौराणिक पिक्चर्सले शुक्रबार ट्रेलर सार्वजनिक गर्दै शनिबारदेखि सिरिज प्रसारणमा आउने जानकारी गराएको थियो । निर्माण टिमले यसअघि पोस्टर सार्वजनिक गर्दै नाटकलाई नयाँ दर्शकमाझ लैजाने प्रयास स्वरुप यसलाई ओटिटीमा रिलिज गर्न लागिएको जनाएको थियो । ट्रेलरमा सिरिजका मुख्य कलाकारहरु दीया मास्के, मेनुका प्रधान, दिव्य देव, विकास जोशी, शेखर चापागाईं अटाएका छन् ।

नाटकका निर्माता गोविन्द पराजुलीले नयाँ दर्शकको खोजी गर्ने क्रममा नयाँ माध्यममा आउने निर्णय गरेको जनाए । 'नाटकलाई चलचित्र जस्तो धेरै समय हलमा चलाउन मिल्दैन किनकि नाटकमा कलाकारको प्रत्यक्ष उपस्थिति चाहिन्छ । यही कारण हामीले दर्शकको चाहाना हुँदा हुँदै पनि एक महिनाभन्दा बढी समय मञ्चन गर्न सकेका थिएनौं । उसबेला हेर्न छुट्नु भएका नाट्यप्रेमीसँगै संसारभरका दर्शकका लागि सिरिजको माध्यम छानेका हौं', निर्माता गोविन्दले बताए ।

वरिष्ठ नाट्य निर्देशक अनुप बरालले निर्देशन गरेको यस नाटकले आर्थिक मन्दीमा फसेको एक परिवारको कथा प्रस्तुत गर्छ । १ महिनासम्म चलेर ६ हजार दर्शकले प्रत्यक्ष हेरेको यस नाटकमा दिया मास्के, दिव्यदेव, मेनुका प्रधान, रोय, विकाश जोशी, शेखर चापागाईंको मुख्य अभिनय रहेको छ । नाटकमा न्हयु बर्जाचार्यको संगीत संयोजन, विप्लव प्रतिकको ट्रान्सक्रियसन र गीत रहेका छन् । सिरिज कान्तिपुर सिनेमाजमा ७ भागमा प्रसारण हुनेछ । नाटकलाई सिरिजको रुपमा प्रस्तुत गरेर एउटा प्रयोग गर्न लागेको र यसले राम्रो नाटकलाई डिजिटल्ली जोगाएर राख्ने प्रयासले पनि सार्थकता पाएको निर्माता पराजुली बताउँछन् ।


युएईमा रोजगारको अवसर
कम्पनी: BEST GURKHA SECURITY SERVICES
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/२८ चलानी नं.: ६०२१८२३३ L.T. No.: 303356

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख ९ देखि १३ गते सम्म (21 to 25 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ४२०/०६०/६१
Four Star Overseas Employment Services Pvt. Ltd.
P.O. Box : 19807, Manjushree Devi Marga, Samakhusi-29, Kathmandu
Tel.: 977- 01-4986396/4986653
Mobile No.: 9840811812, 9848908430
E-mail : 4starover09@gmail.com | Web.: 4staroverseas,com


## फिल्म 'भिजिट भिसा' निर्माण घोषणा




**काठमाडौं/मस–** नयाँ वर्ष २०८१ सालको अवसर पारेर नयाँ फिल्म नेपाली फिल्म 'भिजिट भिसा' निर्माणको घोषणा गरिएको छ । छत्रेश्वरी म्यानेजमेन्टको ब्यानरमा निर्माण हुने पारिवारिक सोसल ड्रामामा कथामा निर्माण हुने फिल्मको थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको हो ।

पहाडको खोँच, खोँचमा कुहिरो । पहाडमा हिमाली क्षेत्रमा पाइने बोटविरुवाले हिमाली क्षेत्रको संकेत गरेको छ । दुई पहाडको खोँचमा बस्ती । बस्ती यति पुरानो छ । लाग्छ यो प्राचिन बस्ती हो । बस्तीका घर पुराना भइसकेका छन् । जीर्ण बनेका घर लड्न ठिक्क परेजस्ता देखिन्छन् । ढुंगाको छानो भएका बाक्लै घर तीनतलेसम्मका र सिँढी देखिन्छ । यसले कुनै समयको संवृद्ध बस्ती भएको पोस्टरले संकेत गरेको छ ।

समयले कोल्टो फेर्‍यो । पहाड र हिमाली क्षेत्रका बस्ती सहरतिर स्थान्तरण भए । छोडिएका बस्ती जीर्ण भए, जुन पोस्टले प्रष्टै देखाएको छ । अस्तिपञ्जरजस्ता देखिने घरले हिमाल र पहाडका बस्ती रित्तिँदै गए । गाउँ सहरतिर सरे । सहर युरोप र अमेरिकातिर सरे । पोस्टरले सहर र विदेश त देखाउँदैन ।

तर फिल्मको टाइटल (नाम)ले भने भिजिट भिसामा विदेशिने क्रमले गाउँ नै खाली भएको प्रष्ट देखाउँछ । फिल्मले पछिल्लो समय लर्को लागेर विदेश जाने प्रवृत्तिलाई पेस गर्ने संकेत निर्माण पक्षले पोस्टरमार्फत दिएको छ ।

मोती बिष्ट प्रस्तुतकर्ता रहेको यो फिल्मको निर्माता टोपेन्द्र बिष्ट हुन् । विराज बिष्टको कथा रहने फिल्ममा यम थापाको पटकथा रहेको छ । विराजले यसअघि फिल्म 'बुलाकी' निर्माण गरेका थिए । यो फिल्मले चलचित्र विकास बोर्डले आयोजना गरेको 'राष्ट्रिय चलचित्र पुरस्कार २०८०'मा विशेष फिल्मको अवार्ड समेत पाएको थियो ।

फिल्मकालागि निर्देशक र कलाकारहरू भने तय गरिएको छैन । निर्माण टिमका अनुसार फिल्ममा नाम चलेका कलाकार नै साइन गर्ने तयारी भइरहेको बताइएको छ ।

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१।०१।०२)

यस कार्यालयबाट मिति २०८०/११/२० मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनूसार तोकिएको म्यादभित्र E-Bidding मार्फत प्राप्त हून आएका बोलपत्रहरु मध्ये बोलपत्र मुल्याकन समितिको निर्णय अनूसार तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही ठहरिएकाले स्वीकृतिको आशयको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 10/GM/ NCB/2080-081 | Construction and Upgrading of Gaindakot Ring Road, Gaindakot Municipality Ward no. 1-9, Nawalpur | Prabhu Kaushika Nirman Sewa Pvt. Ltd, Kavrepalanchok, Nepal | रु.९४,५४,४७५।१७ |

## स्मिताको नयाँ गीत सार्वजनिक



**काठमाडौं/मस–** गायिका स्मिता दाहाल र भारतीय गायक दिव्य कुमारको स्वरमा रहेको नयाँ गीत लुकाउने ठाउँ छैन 'जाली रुमाल' शनिबार सार्वजनिक भएको छ ।

